बाल सेवकाइ

पाठ १ : बाल सेवकाइको परिचय

उद्देश्य

ईसाई अगुवाहरुलाई बाल सेवकाईको निम्ति बाइवलीय सिद्धान्तहरु उपलब्ध गराउनु अनि यसको विकास र स ंरचनाको निम्ति व्यवहारिक सल्लाह दिनु ।

सिक्नुपर्ने

१ ) बाल सेवकाइको निम्ति बाइवलीय र व्यवहारिक कारणहरु

२ ) नानीहरुलाई उपलब्ध गराईनुपर्ने विभिन्न सेवकाइ क्षेत्रहरुको ज्ञान

३ ) बाल सेवकाइ आयोजना गर्नको निम्ति व्यवहारिक सल्लाह

४ ) बाल सेवकाइ अगुवामा हुनुपर्ने योग्यता र उसको जिम्मेवारीहरु

५ ) लक्ष्य निर्धारणको निम्ति अगुवाई

परिचय

नानीहरु मण्डलीको मुख्य भाग हुन् । उनीहरुलाई सिकाएर , हामीले ख्रीष्टको निम्ति भविष्य निमार्ण गर्दछौं । (२ तिमोथी ३:१५-१७ )

बाल सेवकाइमा नानीहरु बाहेक , बाल सेवकाइका अगुवा , शिक्षकहरु , सहयोगीहरु -नानीहरुसंग काम गर्न चाहने कुनै पनि माता पिता , वा अरुहरु संलग्न हुन्छन् ।

यो पुस्तकमा साताको एक दिन , शनिबार अथवा आइतबार बिहान संचालन गरिने बाल सेवाबारे लेखिएको भए पनि , यसले साताको अरु बेला सञ्चालन गर्न सकिने बाल कार्यक्रमलाई पनि सहयोग पुऱ्याउन सक्छ ।

१. किन हामीले बाल सेवकाइ गर्नुपर्दछ ?

क. बाइबलीय नमूना

१. पुरानो नियममा, मोशाले इस्राएलीहरुलाई घरिघरि यही कुरो सम्झाए कि उनीहरुले आफ्ना नानीहरु लाई परमेश्वरको व्यवस्था र उहाँले गर्नु भएका महान कामहरुबारे सिकाइरहनु पर्दछ

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

( व्यवस्था ६:७,४:९ )

२ . येशूको सेवकाइमा नानीहरु पनि पर्दथे । उहाँले घरिघरि नै उहाँको प्रेम तिनीहरुमा प्रकट गर्नुभयो , अनि उनीहरु अति महत्वपूर्ण छन् भनेर जोड दिनुभयो ( मर्कूस ९:३६-३७, १०:१३-१४ ) ।

ख . व्यवहारिक विचारहरु

१ . कुनैपनि व्यक्तिले आफ्नो उमेर अनुसारको स्तरमा सिक्ने मौका पाएन भने उसले प्रभावशालीरुपमा बुझ्न सक्दैन । नानीहरुले ठूलाहरुले भिन्दै पारामा जीवनबारे अनुभव गर्छन् । यसैकारण उनीहरुको अद्धितीय खाचाँ पूरा गर्ने सेवकाइ हामीले योजनागत गर्नैपर्छ (१ कोरन्थी ३:२ ) ।

२ . माता पिताले आफ्ना नानीहरुलाई सिकाउन मद्दत गर्नै पर्छ । माता पिताहरु आफ्ना नानीहरुको आत्मिकी जीवनको निम्ति जिम्मेवारी भए पनि , कि , कुनै कारणबश उनीहरु यस जिम्मेवारीमा असफल बन्दछन् , कि उनीहरु असक्षम बन्दछन् । आफ्ना नानीहरुलाई सिकाउन सफल बाल सेवकाइप्रति कृतज्ञ बन्दछन् ।

२. बाल सेवकाईलाई कसरी संचालन गर्ने

कति नानीहरु छन् , अनि कति सहकायक ठाउँ उपलब्ध छन् , त्यसैमा तपाईले कसरी बाल सेवकाइ संचालन गर्नुहुन्छ , त्यो भर पर्दछ ।

क ) आदर्श रुपमा भन्ने हो भने , नानीहरुको उमेर र खुबीअनुसार उनीहरुलाई झुण्डमा बाँड्नु

पर्दछ ।

ख ) कति अवस्थामा, सहयोगीको अभाव , स्थानको कमी , वा नानीहरुको कम संख्याको कारण स ंयुक्त झुण्ड पनि बनाउनु पर्ने हुन्छ ।

ग ) शिक्षक विद्यार्थी को अनुपात पनि मिलाउन सके राम्रो हुन्छ ।

१ ) शिक्षकहरुले खोजी गर्दा मनमा यो याद राख्नुहोस् कि ससाना नानीहरुलाई बढी ध्यान पुर्‍याउनु पर्छ । कक्षामा कम संख्या भए वा धेरै सहयोयगीहरु भए , ध्यानपुर्‍याउन सजिलो पर्दछ ।

२ ) यदि निम्न सल्लाह अनुसार नानीहरुको झुण्ड बनाउनु भए, हरेक स्तरका नानीहरुले राम्ररी सिक्न सक्ने थिए , अनि शिक्षकहरुको समस्या पनि घट्ने थियो ।

अ ) दुई देखि तीन वर्षका - हरेक ४ -५ नानीहरुको लागि एकजना शिक्षक

आ ) चार वर्षका - हरेक ५-६ नानीहरुको लागि एकजना शिक्षक

इ ) पाचँदेखि एघार वर्षसम्मका -हरेक ६-८ नानीहरुको लागि एकजना शिक्षक यसै गर्न गाह्रो छ तर प्रयास गर्न सके अति राम्रो हुनेछ ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

३ . बाल सेवकाइको निम्ति कस्ता सुविधाहरु चाहिन्छ ?

क ) नानीहरुको निम्ति चाहिने सुविधाहरु हुन् :

१ ) सुरक्षा र हेरचाह (विशेष गरी अति सानाहरुलाई )

२ ) भुइँमा प्रशस्त ठाउँ हुनु ( ठूलाहरुलाई भन्दा बढी सानाहरुलाई चाहिन्छ )

३ ) नानीहरुलाई सुहाउँदो टेबल कुर्सीहरु

४ ) प्रशस्त बत्ती

५ ) श्यामपट अनि नक्सा तथा चित्रहरुको निम्ति खाली ठाउँ

ख ) सौभाग्यवश नानीहरु जहाँ पनि रहन सक्ने अनि सिक्न सक्ने हुन्छन् । घरको कुना-काप्चा, प्रयोगहीन ठाउँ , कसैको घर वा बाहिर पनि यस्ता ठाउँहरु तयार पार्न सकिन्छ ।

४. नानीहरुको निम्ति सेवकाइको कुन क्षेत्रहरु उपलब्ध गराउनु पर्दछ ?

क ) ठूलाहरुमा झैं सानाहरुमा पनि उत्तिकै आत्मिकी खाँचो हुन्छ : फरक चाहीँ त्यसको पूर्ति कसरी गरिन्छ ।

नानीहरुको निम्ति सेवकाइको कार्यक्रम शुरु गर्नुहुँदा , निम्न सेवकाइहरु समावेश गर्न सकिन्छ, तर ती सन्तुलित हुनुपर्छ :

१ ) बाइबल शिक्षा – नानीहरुले बुझ्न सक्ने र उनीहरु आकर्षक हुन सक्ने पाठहरु प्रस्तुत गर्नुहास् जसले उनीहरुलाई आत्मिकी सत्य सिकाउँछ

२ ) आराधना – नानीहरुलाई अर्थपूर्ण गीत तथा प्रार्थना प्रस्तुत गर्नुहोस् ।

३ ) संगति –एकाअर्कासँग भिन्नता बढाएर रमाइलो गर्न नानीहरुलाई कुनै सुपरिवेक्षकमार्फत प्रोत्साहन गराउनुहोस् ।

४ ) सेवा – सक्षम नानीहरुलाई अरुको सेवा गर्ने काममा प्रोत्साहन गर्नुहोस् । ठूलाहरुको निम्ति गीत गाउने , आफ्ना साथीहरुसंग नास्ता खाने , आवश्यकतामा परेकाहरुको निम्ति प्रार्थना गरिदिने , अथवा कार्यक्रम पश्चात सफाइ गर्ने , इत्यादि ।

५ ) सुसमाचारीय सेवकाइ – अविश्वासीहरुसँग सुसमाचार प्रचार गर्ने कार्यक्रमहरु बनाउनुहोस् ।

ख ) उपरोक्त क्षेत्रहरुमा सेवा पुऱ्याउन विभिन्न प्रकारका सेवकाई कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ । कतिपय कार्यक्रमले एक वा दुई क्षेत्रहरुलाई मद्दत पुऱ्याउन सक्छ ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

१ ) सण्डे स्कूल अथवा  बाल सेवाहरु

२ ) नानीहरुको आराधना सेवा

३ ) साताभरि स्कूल पश्चात हुने कार्यक्रमहरु - जस्तै मण्डली वा घरमा हुने बाइबल क्लवहरु )

४ ) वर्षमा एकचोटि हुने कार्यक्रमहरु

अ ) भेकेसन बाइबल कार्यक्रमहरु

आ ) एक वा दुई दिने रिट्रटहरु

५ ) नानीहरुको ड्रामा अथवा कोएर झुण्डहरु

नयाँ कार्यक्रमहरु बनाउँदा , स्थानीय मण्डली वा समुदायको खाँचोलाई ध्यानमा राखिनु पर्दछ ।

५. नानीहरुको सेवाकाइ कसले चलाउँछ ?

क) नानीहरुको सेवकाइ चलाउनेको योग्यता के कस्तो हुनुपर्छ ?

१ ) येशू ख्रीष्टलाई व्यक्तिगत प्रभु र मुक्तिदाता भनी ग्रहण गरेको ।

२ ) परमेश्वरको वचन जान्दछ र राम्ररी अध्ययन गर्ने गर्दछ ।

३ ) उसको जीवनमा लगातार पवित्र आत्माको फल फलाउने गर्छ । ( गलाती ६:१६-२६ )

४ ) नानीहरुलाई माया गर्छ अनि तिनीहरुलाई आत्मिक रुपमा बढेको देख्न चाहन्छ ।

५ ) केही तालिम पाएको छ । ( कसरी र के सिकाउने भन्ने बारेमा )

६ ) व्यवस्थापन ज्ञान छ ।

७ ) अरु मानिसहरुलाई सञ्चालन र प्रोत्साहन गर्न सिपालु छ ।

ख ) नानीहरुको सेवकाइ चलाउने अगुवाको जिम्मेवारीहरु

१ ) व्यवस्थापन , योजना र लक्ष्यहरु निर्धारित गर्नु ।

२ ) पाठ्यक्रम छनौट र विकासमा सुपरिवेक्षण ।

३ ) योग्य शिक्षक तथा अगुवाहरु भर्ना गर्नु । यस्ता अगुवाहरु भएमा विभिन्न प्रकारसँग फाइदा लिन सकिन्छ ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

अ ) धेरै काम गर्न सकिन्छ - धेरै नानीहरुलाई सिकाउन सकिन्छ ।

आ ) बाल सेवकाइ अगुवाइको जिम्मेवारी घट्नेछ, अनि अरुहरुले चाहीँ ठूलो जिम्मेवारी महशुस गर्नेछन् ।

इ ) एउटै व्यक्ति माथि भर नपरिएको हुनाले भविष्यमा यो सेवकाईको झन् ठूलो सफलताको सम्भावना रहन्छ ।

बाइबलले यस प्रकारको सेवकाईलाई प्रभावशाली नमूना मान्दछ । मोशाले यहोशूलाई एलियाले एशिलाई य्शूले १२ जना चेलाहरुलाई तालिम दिए । ( बढी जानकारी पाठ २ मा दिइएको छ )

४ ) बाल संगितका शिक्षकहरु प्रभावशाली हुनु हो भने उनीहरुलाई तालिम दिइनुपर्छ । यसर्थ शिक्षक तालिमको व्यवस्था गरिनु पर्दछ । ( बढी जानकारी पाठ ३ मा दिइएको छ )

५ ) अरुलाई प्रोत्साहन दिनु

मानिसहरुको अगुवा भएको हुनाले , बाल सेवकाइ अगुवाले आफ्ना शिक्षक वा सहयोगीहरुलाई निम्निप्रकारले सामर्थ्यवान र प्रभावशाली तुल्याउन सक्छ :

अ ) उनीहरुप्रति घनिष्ट भएर , सहयोगी र उत्साही बनेर ।

आ ) शिक्षकहरुलाई चाहिएको थोक र सेवाहरु जुटाइदिएर ।

इ ) उनीहरुको सबल पक्ष र काम कुरालाई पहिचान गरेर , उनीहरु सफल हुँदा उनीहरुसँग रमाएर । उनीहरुको प्रंशसा गरिएको वास्तविकता उनीहरुले थाहा पाउन् । (विभिन्न प्रकारले यसो गर्न सकिन्छ )

ई ) उनीहरुसंग उनीहरुको निमित प्रार्थना गरेर (कक्षा अघि र पछि भेटेर प्रार्थना गर्नुहोस् ) स्मरण रहोस् : जुन शिक्षक र सहायकहरुलाई राम्ररी प्रेरणा दिइन्छ , उनीहरुले राम्रो काम पनि गर्छन् अनि बाल सेवामा लामो समयसम्म रहन्छन् ।

६ ) आमा-बाबुहरु र मण्डलीका अगुवालाई सूचना दिनु

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

क ) बाल सेवाबारे विस्तृत रुपमा छलफल गर्न वर्षमा लगभग चार पटक अवश्य भेटघाट गर्नुहोस् ।

ख) आमा-बाबुहरुसित पनि भेटघाटको चाँजो मिलाउनुहोस् ।

ग ) बाल संगति चलिरहेको बेला पनि कहिले काहीँ भेट्न वा हेर्न आउनुहोस् भनेर उनीहरुलाई निमन्त्रणा दिनुहोस्। यसरी भिजिट गर्दा उनीहरुलाइ पनि यस सेवाकाइको निम्ति प्रोत्साहन मिल्ला । यसद्धारा घरमा पनि ती पाठहरुवाट सिकाउनु उनीहरुलाई मन पर्ला ।

घ ) आमा-बाबुहरुको सहयोग माग्नुहोस् ।

उनीहरुले संगतिको लागि प्रार्थना गरुन् , सामाग्रीहरु  दिउन् , खाजाहरु लिएर आउन् अथवा कक्षा सुपरिवेक्षणमा सहयोग गरुन् भनेर अनुरोध गर्नुहोस् ।

७ ) मूल्यांकन

कार्यक्रम , सहयोगीहरु अनि आफ्नै कामकुरोको प्रभावशालीतालाई निरन्तर नापजोख गरिरहँदा , बाल सेवाकाइको सुधार भइरहन सक्छ ।

६. बाल सेवकाइको लागि लक्ष्य निर्धारित गर्नु

क ) उद्देश्यलाई परिभाषा दिनुहोस्

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

उद्देश्य बनाएर लेखिराख्दा भविष्यमा बाल सेवकाइको मूल्याङ्कन गर्न र अरु योजना बनाउन मद्दत मिल्दछ । यसोगर्दा यस्तो प्रश्न गर्नुहोस्: किन हामीलाई बाल सेवकाइ चाहियो ? कुन साधारण उद्देश्य हामी पूरा गर्न चाहन्छै ?

उदाहरण:

नानीहरुले बाइबलबाट सिकेको, इसाई सम्बन्ध निर्माण गरेको, अनि येशू ख्रीष्टको प्रेम अनुभव गरेको देख्न चाहन्छौ ।

ख) तपाईको उद्देश्यलाई पूरा गर्ने सुहाउँदिलो लक्ष्यहरु  निर्धारित गर्नुहोस्

कुनै पनि बाल सेवकाइको मुख्य लक्ष्य नानीहरुसित परमेश्वरको प्रेम बाँड्नु , उनीहरुको येशू ख ीष्टसित व्यक्तिगत सक्बन्ध बढाउन सहयोग गर्नु , अनि उहाँलाई सेवा दिनु हुनेछ । यो भन्दा बढि चाहिं यस्तो प्रश्न गर्नुहोस् , व्यापक रुपमा अरु के हासिल भएको हामी देख्न चाहन्छौं ?

उदाहरण :

१ )  उमेर सुहाँउदो , बाइबल आधारित शिक्षा दिने जसले प्रयोगलाई जोड दिन्छ ।

२ ) मुक्तिको निम्ति परमेश्वरको योजना प्रस्तुत गर्नु ।

३ ) नानीहरुलाई परिपक्व इसाई जीवनशैली र परमेश्वरको सम्बन्ध प्रदर्शन गराउनु ।

४ ) आफ्ना साथीहरु र शिक्षकहरुसित संगति र मनोरञ्जनको लागि समय उपलब्ध गराउनु ।

ग ) तपाईका लक्ष्यहरु हासिल गर्न विशेष कार्यक्रम गर्नुहोस्

माथि भनिएको प्रत्येक लक्ष्य हासिल गर्न कस्तो विशेष कार्यक्रम गर्न आवश्यक छ भनी  विचार गर्नुहास् ।

अ ) उमेर अनुसारको बाल कक्षाहरु सञ्चालन गरिनु ।

आ ) सण्डे स्कूल अथवा बाल संगतिको बेला , खेलकूद ,सामुहिक कार्यक्रमहरु र चिया नास्ताको समय छुट्याएर एकअर्कामा अर्न्तक्रिया गर्ने समय  छुट्यानुहोस् ।

इ ) नानीहरुको लागि प्रत्येक वर्ष कम्ति दुईवटा सामाजिक  कार्यक्रमहरु आयोजित गर्ने ।

ई ) नानीहरुले अर्न्तक्रिया गर्न मिल्ने र सम्बन्ध बढाउन सक्ने किसिमका कार्यक्रम गर्न सकिने नयाँ विचारहरु सोच्ने सहयोगी र शिक्षकहरुलाई पनि अह्वाउनुहोस् ।

छलफल प्रश्नहरु

१ ) किन नानीहरुकै निम्ति विशेष सेवकाई गरिनु आवश्यक छ ? ठूलाहरुकै सेवामा राखे हुन्न र ?

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

२ ) बाल सेवकाइमा अप्नाइनु पर्ने चार क्षेत्रहरु के के हुन् ?

३ ) किन उमेर अनुसार नानीहरुलाई सिकाउनु अति राम्रो हुन्छ ?

४ ) किन विद्यार्थी - शिक्षक अनुपात अति आवश्यक हुन्छ ?

५ ) बाल सेवकाइ अगुवाका सात मुख्य जिम्मेवारीहरु के के हुन् ?

६ ) बाल सेवकाइ अगुवाले अरु मानिसहरुमा भएको बरदान र योग्यता चिनेर किन उनीहरुलाई पनि बाल सेवकाइको निम्ति तालिम दिनु आवश्यक पर्दछ ?

तपाईको निम्ति गृहकार्य

तपाईको बाल सेवकाइ अगुवाको उद्देश्यको सार वाक्य , लक्षित लक्ष्यहरु, अनि ती लक्ष्यहरु हासिल गर्न अपनाइएको कार्यक्रमहरु तलको कार्यशाला पन्नामा भर्नुहोस् । अगुवाको लागि , बाल सेवकाइको लागि लक्ष्य निर्धारण पाठ हेर्नुहोस् ।

बाल सेवकाइको निमित उद्देश्य निर्धारण

.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................

लक्ष्यहरु

१. ............................................

............................................

............................................

लक्ष्य हासिल गर्नलाई कार्यक्रमहरु

क ) ............................................

............................................

ख ) ............................................

............................................

ग ) ............................................

............................................

घ ) ............................................

............................................

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

२. ............................................

............................................

............................................

क ) ............................................

............................................

ख ) ............................................

..........................................

ग ) ..........................................

............................................

घ ) ............................................

............................................

३ . ............................................

............................................

..............................................

क ) ............................................

............................................

ख ) ...........................................

............................................

ग ) ........................................

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

.........................................

घ ) ........................................

..........................................

४ . .............................................

.............................................

.............................................

क ) ..............................................

...............................................

..............................................

ख ) ..........................................

........................................

ग ) ........................................

........................................

घ ) ........................................

........................................

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

# बाल सेवकाइ

## पाठ २ : पाठ्यक्रम तयार पार्ने अनि शिक्षकहरु नियुक्त गर्ने

उद्देश्य

बाल सेवाकाइमा के सिकाउने त्यसको निम्ति व्यवहारिक सामाग्री तयार पार्न अगुवाइ गर्ने अनि शिक्षकहरु नियुक्त गर्नको निम्ति सल्लाह दिने ।

सिक्नुपर्ने

१ ) यस पाठ्यक्रमको गुण बुझ्ने , संयोजन गर्ने अनि तयार पार्ने ।

२ ) पाठ्यक्रम लेखनमा धयान दिनुपर्ने कदमहरु ।

३ ) नानीहरुको माझ सेवा गर्ने व्यक्तिहरु नियुक्त गर्दा मान्नुपर्ने व्यवहारिक सल्लाहहरु

१ . बाल सेवकाइ पाठ्यक्रमको परिचय

बाल सेवाकाइ पाठ्यक्रम निमार्ण गर्दा अध्ययनको पूर्ण कार्यक्रम र अनुभवलाई अगुवाले ध्यान दिनु अति खाँचो छ ।

क ) असल पाठ्यक्रमको गुणहरु

१ ) बाइबलमा आधारित ।

२ ) बालकलाई येशू खीष्टमा बचाउने विश्वासमा डोर्‍याउने ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

३ ) धर्मशास्त्रीय सिद्धान्तहरु उनीहरुको जीवनमा लागू गराउन नानीहरुलाई मद्दत पूऱ्याउने ।

४ ) नानीहरुलाई प्रगति शील रुपमा निर्माण गर्ने ।

५ ) सिक्दै जादाँ नानीहरु अझ सक्रिय बन्नलाई प्रोत्साहित गराउने ।

ख ) पाठ्यक्रमको संयोजन

विभिन्न तरिकामा पाठ्यक्रमको संयोजन गर्न सकिन्छ , तर प्रत्यकको नै फइदा र बेफइदाहरु छन् । प्राय : जसो पाठ्यक्रम तल बताइएको दुवै तरिका अपनाएर संयोजन गरिन्छ :

१ ) क्रमैसंग - उत्पत्तिबाट शुरुगरी सम्पूर्ण पुरानो नियम अनि नियमको अन्तैसम्म पूऱ्याउने ।

२ ) आधारभूत बाइबलीय सिद्धान्तहरु -पहिला परमेश्वर र मानिसको सम्बन्ध कुन सत्यताहरु सिकाउन चाहनुहुन्छ , निर्धारित गर्नुहोस् , त्यसपछि हरेक सत्यलाई सिकाउन मिल्ने किसिमको बाइबल कथा वा चरित्र चून्नुहोस् ।

उदाहरणहरु

अ ) परमेश्वर क्षमाशील हुनुहुन्छ ।

आ ) म परमेश्वरको स्वरुपमा सृष्टि गरिएको हुँ ।

ग ) पाठ्याक्रमको रुपरेखा

१ ) हरेक विषयमा दुईदेखि पाँचवटा पाठहरु तयार पार्ने योजना मिलाउनुहोस् । यसद्धारा अनेक साताहरु लगाएर शिक्षकले सिकाउनु पर्ने शिक्षा सिकाउन सक्छन् ।

उदाहरण

मुख्य विचार -उहाँको आज्ञा पालन गर्नेहरुलाई परमेश्वरले आशिष दिनुहुन्छ ।

अ ) पाठ १=आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लंगन गरे– उत्पत्ति ३

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

आ )पाठ २ = नूहले परमेश्वरको आज्ञा पालन गऱ्यो – ६-७:१६

इ ) पाठ ३ =परमेश्वरले नूह र परिवारलाई बचाउनु भयो –उत्पत्ति ७:१७-८:२२

ई ) पाठ ४ = अब्राहमले परमेश्वरको आवाजलाई सुन्दछ – उत्पत्ति १२:१-९

२ ) हरेक साप्ताहिक पाठ मुख्य विचारसित सम्बन्धित कुनै एक्लो उद्देश्य बोकेको हुनुपर्छ। विशेष उद्देश्यद्धारा विद्यार्थीले पाठ सिकेपछी केही गर्नलाई इच्छा गर्ने, जान्ने र सामर्थ्यवान हुने काम गर्दछ। शिक्षकले विद्यार्थीको जीवनमा देख्न चाहना राखेको कुरा नै यही विशेष उद्देश्य हो। पाठका उद्देश्यहरु बारेमा केही उदाहरणहरु तल दिइन्छ :

अ ) विद्यार्थीले दैनिक प्रार्थनाको महत्व बुझ्रेर प्रार्थनाको डायरी राख्न सिक्नेछ।

आ ) "हरेकसँग दयालु बन्नु पर्दछ " भनेर बाइबलले भन्दछ भनी बालकले जान्नेछ अनि दिएर आनन्द अनुभव गर्न सिक्नेछ।

इ ) विद्यार्थीले परमेश्वरको पाप क्षमा दिने स्वभावबारे जान्नेछ अनि हालै गरेको कुनै पापको क्षमा प्रार्थना गरेर माग्न सिक्नेछ।

टिप्पणी : पाठ्यक्रमको योजन प्रक्रिया "बाइबलबाट प्रचार र शिक्षण "मा छलफल गरे जस्तै हुन्छ।

२ . आफ्नै पाठ्यक्रम तयार पार्दा पछ्याउनु पर्ने कदमहरु

क ) सम्पुर्ण उमेरकाहरुलाई हुनेगरी पाठ्यक्रमहरु तयार पारिने गर्नु पर्दछ।

ख ) कस-कसले के के जिम्मेवारी लिनुपर्छ भन्ने कुरामा निश्चित हुनुहोस्। हरेक उमेरकालाई पाठ्यक्रम तयार पार्नु निकै गहन जिम्मेवारी हो। बाल सेवाकाइको अगुवाले आफू लगाएत कस-कसले कति पाठ्यक्रम तयार पार्ने हो भनी निर्धारित गरिदिनु पर्दछ। केही सल्लाहहरु :

१ ) बाल सेवकाइको अगुवाले मुख्य विचार , सिद्धान्तहरु, प्रयोग गर्नलाई धर्मशास्त्रीय पदंयाशहरु अनि उद्देश्यहरु निर्धारित गरेर बाँकी पाठ निर्माण गर्नेकाम अरु शिक्षकहरुलाई छोडिदिन सक्छ।

२ ) बाल सेवकाइको अगुवाले पाठ्यक्रम तयार पार्ने क्रममा दुई वा तीन जनाको समिति पनि गठन गरेर जिम्मेवारी बाड्ँन सक्छ।

ग ) सिकाउन पर्ने विषयहरुको मुख्य सुची बनाउनुहोस्

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

१ ) हरेक इसाईले सिक्नुपर्ने आत्मिकी सत्यहरुको सूची तयार पार्न बाइबल प्रयोग गर्नुहोस् ।

( उदाहरणको लागि :हामीले अरुहरुलाई येशूबारे बताउनुपर्छ, परमेश्वरले हामीलाई बचाउनु हुन्छ , हामीमा धन्यबादी हृदय हुनुपर्छ , इत्यादि )

२ ) हरेक सत्यलाई उदाहरणसहित प्रस्तुत गर्न बाइबलबाट सुहाँउदिलो कथा वा व्यक्तिहरु खोज्नुहोस् ।

३ ) पाठ्यक्रम लेख्नुसम्बन्धी अरु कुनै कामभन्दा बढी यसप्रकारको सूची बनाउनुमा समय लाग्छ । तपाईले सहयोगको लागि अरुहरुको सहयोग पनि लिन सक्नु हुनेछ । यदि तपाईले अहिले राम्रो सूची बनाउनु भयो भने भविष्यको लागि उपयोगी सन्दर्भ सूची बन्न सक्छ ।

घ ) तपाईको सूची प्रयोग गरेर , हरेक उमेर झुण्डको लागि मुख्य धारणा निर्धारित गर्नुहोस् । बाइबल सिद्धान्त र कथा सिकाउन अघि नानीहरुको उमेरप्रति सचेत बन्नुहोला ।

उदाहरण:

सानाहरुको निम्ति पहिलो मुख्य धारणा: “परमेश्वरले आफ्ना मानिसलाई बचाउनको लागि आफ्नो शक्ति प्रयोग गर्नुहुन्छ ।”

ङ ) हरेक विषयवस्तुको निम्ति ,धारणाको कठिनता अनुसार दुईदेखि पाँचवटा पाठहरु तयार पार्नुहोस् ।

उदाहरण

मुख्य धारणा : “परमेश्वरले आफ्ना मानिसलाई बचाउनको लागि आफ्नो शक्ति प्रयोग गर्नुहुन्छ ।”

अ ) पाठ १ : दाऊद गोलियतसंग लड्दछ ( १ शामूयल १७:१-५८ )

आ ) पाठ २ : दानियल सिहंको खोरमा (दानियल ६:१-२८ )

इ ) पाठ ३ : पत्रुस झ्यालखानामा (प्ररित १२:१-१८)

च ) प्रत्येक पाठको निम्ति विद्यार्थीले केही गर्नलाई इच्छा गर्ने, जान्ने र सामर्थ्यवान हुने विशेष उद्देश्य निर्धारित गर्नुहोस् । फेरि पनि ध्यान दिनुहोस् कि उद्देश्यहरु तयार पार्दा विद्यार्थीका उमेर र तिनको क्षमयतालाई ध्यानमा राख्नु पर्दछ ।

३. नानीहरुसंग काम गर्न शिक्षक तथा सहयोगिहरु नियुक्त गर्नु

नियुक्त गर्नु भन्नाले तपाईको बाल सेवकाइमा सेवा पुऱ्याउन चाहने प्रेमिलो जवान शिक्षक तथा सहयोगीहरु चिनेर सहकर्मीहरु तुल्याउने एक प्रक्रिया हो ।

क ) नियुक्त गर्न कामको विशेष प्रक्रिया जारी राख्नुपर्छ । कति शिक्षिकाहरु बिरामी पर्न सक्छन् , वा कति

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

चाहीं अन्यत्र स्थानन्तर हुनसक्छन् । यसकारण , थप शिक्षक- शिक्षिकाहरु नियुक्त हुनु जरुरी हुन्छ । गाह्रो परेर घुइँघुइँती खोज्नुभन्दा तयार पारेर नियुक्त गर्नु बुद्धिमानी हो ।

ख )   नियुक्त गर्नु अघि

१ ) कति सेवकहरु चाहिएको हो , निर्धारित गर्नुहोस् ।

अ ) शिक्षक विद्यार्थीको अनुपात मिलाउने प्रयत्न गर्नुहोस् (हेर्नुहोस् पाठ १)

आ ) पालैपालो गरी सिकाउन मिल्नेगरी प्रशस्त शिक्षकहरु र सहयोगीहरु तयार पारिराख्नु बुद्धिमानी ठहर्छ ।

२ ) विभिन्न शिक्षकहरु र सहयोगीहरु  कार्य विवरण तयार पारिराख्नुहोस् । कार्य विवरणमा निम्न कुराहरु हुनुपर्छ  :

अ ) उक्त पद ओगट्न चाहिने योग्यताहरु अनि खुबीहरु निर्धारित गर्नुहोस् ।

आ ) जिम्मेवारीका विशेष सूची बनाउनुहोस् ।

इ )  सो जिम्मेवारी निभाउन कति समय लाग्छ , निर्धारित गरिदिनुहोस् ।

शिक्षकहरुको निम्ति एक साधारण कार्य विवरण तल दिइएको छ । तपाइको सेवकाइको उद्देश्यलाई सुहाँउदो गरी थपघट गरेर यसलाई अपनाउन सक्नुहुन्छ ।

कार्य विवरण          पदः शिक्षकहरु (उमेर २-११ वर्ष)

अ ) योग्यताहरु

मण्डलीमा नानीहरुलाई सिकाउन चाहने व्यक्ति यस्तो हुनुपर्छ :

१ ) परमेश्वरलाई प्रेम गर्ने

२ ) नानीहरुलाई माया गर्ने

३ ) सिक्न चाहने

४ ) पाठ तयार पार्नको निम्ति समय बिताउन चाहने

५ )बाल सेवकाइ अगुवाद्धारा स्वीकृति पाएको

आ ) जिम्मेवारीहरु

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

१ ) ईसाई जीवनशैलीको नमूना प्रस्तुत गर्ने

विद्यार्थीहरुले शिक्षकमा खीष्टको प्रेमको उदाहरण र उनीहरुले सिकाउने शिक्षा अनुसार बाँचेको देख्न चाहन्छन् ।

२ ) तालिम कोर्ष पूरा अनि अनुभवी शिक्षकलाई सघाउने

३ ) निम्नि अनुसार सिकाउन सपय दिने

अ ) शिक्षण क्लास.................... देखि .....................समय चलाउने (शुरु गरेर अन्त गर्ने सम्मको समय गर्ने )

आ ) तयारी र कक्षालाई अभिवादन गर्न १५ मिनट अघि नै कक्षमा आइपुग्ने ।

४ ) हरेक पाठलाई राम्ररी तयार पार्ने । यसको निम्ति

अ ) जसलाई पाठ पढाइन्दैछ तिनीहरुको उमेरअनुसारको सूची र सामर्थ्यलाई बुझ्ने ।

आ ) सिकाउने उद्देश्य अथवा पाठको लक्ष्य राम्ररी निर्धारित गर्ने ।

इ ) विद्यार्थीहरुलाई संलग्न गराउने योजना गर्ने अनि रोचक तुल्याउने ।

५ ) विद्यार्थीहरु अनि आमा-बाबुहरुसंग राम्रो सम्बन्ध स्थापित गर्ने । शिक्षकले विद्यार्थीहरुलाई व्यक्तिगत रुपमा प्रेम र वास्ता प्रर्दशन गर्नुपर्छ अनि उनीहरुसित सम्मिलित हुनुपर्छ । हरेक विद्यार्थीको निम्ति लगातार प्रार्थना गरिदिने ।

३ ) तपाईलाई चाहिने खेतालाहरुको निम्ति विशेष रुपमा प्रार्थना गर्ने ( मत्ती ९:३७-८ )

ग ) नियुक्त गरिनुपर्ने व्यक्तिहरु

१ ) नानीहरुप्रति ध्यान दिने वा उनीहरुसँग भइरहने व्यक्तिहरुलाई मण्डलीमा चिन्नुहोस् ।

२ ) परिपक्व जवान व्यक्तिहरु राम्रा शिक्षकहरु हुन सक्छन् ।

३ ) आमा-बाबुहरुले आफ्नो नानीहरुलाई कक्षामा सघाउन मन पराउन सक्छन् ।

४ ) नाति-नातिना भएका बृद्ध- बृद्धहरु नानीहरुसँग काम गर्न मन पराउँछन् ।

५ ) स्मरण रहोस् , प्रत्येक व्यक्ति शिक्षक होइन । यसमा सहयायेगीहरु पनि चाहिन्छ । यसकारण कक्षमा सहयोग गर्नेहरु , आवश्यक परेको बेला सट्टामा सिकाइदिने , संगीतकारहरु , स्किट र पपेट देखाउनेहरु पनि तयार पार्नु अति राम्रो ।

घ ) कसरी नियुक्ति दिने ?

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

१ ) तपाईले देख्नुभएको विशेष व्यक्तिलाई विशेष अनुरोध गर्नुहोस् ( कार्य विवरण पनि दिनुहोस् ) , अनि तपाईले उसलाई उसमा भएको कुनै विशेष खुबी वा योग्यताको कारण चुन्नुभएको हो भनी उसले जानेको होस् । उसलाई यो कुरो पनि थाहा होस् कि शिक्षक हुनलाई कुनै विशेष योग्यता निर्धारित गरिएको छ अनि जो कोही शिक्षक बन्न मिल्दैन ।

२ ) नानीहरुसँग काम गर्नु कति सौभाग्य हो भनेर जोड हिनुहोस् । शिक्षक चाहिएको कारण खाली ठाउँ भर्न खोज्नु भएजस्तो मात्र नगर्नुहोस् । योग्य व्यक्तिहरुलाई यो बुझ्न  सहायता गर्नुहोस् कि नानीहरुलाई सेवा पुऱ्याउँदा उनीहरु आशिषित हुनेछन् ।

३ ) तपाईले तालिम र सहयायेग प्रदान गर्नुहुने छ भनेर उनीहरुलाई भनिदिनुहोस् । कति उनीहरु सिकाउनलाई योग्यका छैनन् भन्ठानेर डराउँछन् । उनीहरुलाई पहिले जान्ने शिक्षकहरुले सिकाएको हेर्न लाउनुहोस् अनि तालिम र सिकाउने सामाग्री जुटाइदिनुहोस् ।

४ ) जब कुनै एक योग्य व्यक्तिकहाँ पुग्नुहुन्छ , तुरुन्तै जवाफ दिनुहोस् भनेर कर नलाउनुहोस ् । समर्पणको लागि सोच्ने र प्रार्थना गर्ने समय दिनुहोस् । केहि दिनपछि भेट्नलाई समय  दिनुहोस् अनि समय समयमा सम्झना दिलाउँदै गर्नुहोस् ।

छलफल प्रश्नहरु

१ )   असल पाठ्यक्रमका चार गुणहरु लेख्नुहोस् ।

२ )   आफ्ना विद्यार्थीहरुले सिकून भनेर चाहनु भएका  १० बाइबलीय सत्यका उदाहरणहरु लेख्नुहोस् ।

३ )   किन प्रत्येक पाठको निमित एक्लो उद्देश्य हुनु जरुरी छ ?

४ )   तलका पदयाशंहरुबाट पाठ तयार पार्दा यसका केही उद्देश्यहरु उदाहरणको रुपमा गर्नुहोस् :

मत्ती १४:१५-२१ ( ४-५ वर्षका नानीहरुको निम्ति )

उत्पत्ति २७:१-४६ ( ८-९ वर्षका नानीहरुको निम्ति )

भजन २७:१-६ ( १०-११ वर्षका नानीहरुको निम्ति )

५ ) तपाईको बाल सेवकाइमा कार्यक्रम लेखन कार्यलाई कसरी सबैभन्दा असल प्रकारले विभाजन गर्न सकिन्छ ?

६ ) किन नियुक्ति कार्य भइरहनु पर्छ ?

७ ) कसरी शिक्षकहरुको निम्ति तयार पारिएको कार्य विवरण शिक्षक भर्नाको निम्ति सहयोगी हुन्छ ?

८) एक सफल शिक्षक बन्नलाई एक व्यक्तिमा कस्ता गुणहरु हुनु आवश्यक पर्छ ?

९ ) किन तपाईले नयाँ सेवकहरु खोज्दा निराश देखिनु हुन्न ?

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

१० ) किन एक शिक्षकले आफ्नो शिक्षा अनुसारको जीवन जिउनु पर्दछ ?

## बाल सेवकाइ

## पाठ ३ : शिक्षक तालिम

उद्देश्य

बाल सेवकाईका शिक्षक-शिक्षिकालाई चाहिने तालिम सामाग्री उपलब्ध गराउनु ।

सिक्नुपर्ने

१ ) शिक्षक तालिम कार्यक्रम आयोजना गर्ने सम्बन्धमा सल्लाहहरु

२ ) कक्षा संचालनका तरिकाहरु , प्रभावशाली शिक्षणका सिद्धान्तहरु , अनि पाठ योजना सहित नयाँ

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

शिक्षकहरुको निम्ति तालिम सामाग्री

३ ) नानीहरुको निम्ति पाठ तयार पार्न अभ्यास गर्ने अवसर

१ . शिक्षक तालिम कार्यक्रम

शिक्षक तालिम दुई तहमा हुनसक्छ- पहिलो , कक्षामा पढाउने मौका लिएर , त्यसपछि प्रभावशाली शिक्षणबारे सेमिनार चलाएर ।

क ) तालिमबाट फाइदाहरु

१ ) नानहिरुलाई खीष्टबारे सिकाउने काममा शिक्षकहरु अरु बढी निर्धक्क र प्रभावशाली तुल्याउँछ ।

२ ) शिक्षकहरुले अरु सिर्जनशील विचारहरु आदान-प्रदान गर्ने, केही विशेष विषय वा निरासजनक

विषयहरुमा छलफल गर्ने मौका पाउँछन् ।

३ ) सँगै सिक्ने क्रममा शिक्षकहरुबीच संगति हुने  अवसर सृष्टि हुन्छ ।

ख ) कक्षामा तालिम ( कक्षामा पढाउने जिम्मेवारी दिनु अघि )

१ ) अवलोकन

अ ) भाबी शिक्षक शिक्षिकाहरुको अनुभवी शिक्षकहरुले सञ्चालन गरिरहेका कक्षामा उपस्थित भएर सिक्न सक्छन् ।

आ ) त्यो कक्षामा उपस्थित भएर उसले के के अवलोकन गर्नुपर्ने हो भनी सूची बनाइदिनुहोस् । केही नमूनाका प्रश्नहरु तल दिइएको छ ।

१ ) शिक्षकले कसरी विद्यार्थीलाई स्वागत गर्दछन् , दुई उपायहरु पत्ता लागाउनुहोस् ।

२ ) यस उमेर झुण्डका विद्यार्थीहरुमा कस्ता स्वभावहरु हुन्छन् भनी शिक्षकले जान्नु आवश्यक छ ?

३ ) यस कक्षाको निम्ति तपाईको मनमा उब्जेका प्रश्नहरु वा वास्ताहरु केके हुन् ?

इ ) तालिमे व्यक्तिलाई उसले पढ्नुपर्ने सामाग्रीहरु उपलब्ध गराइदिनुहोस् ।

२ ) कक्षामा कुनै भागमा जिम्मेवारी ( पढाउने /सघाउने ) जिम्मा दिनुहोस् ।

तालिमे व्यक्तिले जसै सिक्दै जान्छ , उ निर्धक्क भएको क्षेत्रमा उसले जिम्मेवारी वहन गर्दै जानुपर्छ । -जस्तै गीतमा अगुवाइ गर्ने, कुनै कार्यक्रम संचालन गर्ने , कथा भन्ने इत्यादि ) प्रत्येक साता तालिमेको जिम्मेवारी बढाउँदै लैजानुहास् ।

ग )      भर्खर नियुक्ति दिइएका व्यक्तिहरुलाई शिक्षक तालिम

१ ) यस तालिममा निम्न कुराहरु समावेश गरिनु पर्दछ :

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

अ ) अनुशासनका तरिकाहरु

आ ) प्रभावशाली शिक्षणका सिद्धान्तहरु

इ ) पाठ तयार पार्ने अभ्यास ( सामाग्रीबारे भाग २ हेर्नुहोस् )

२ ) सेमिनार कहिले सञ्चालन गर्ने

अ ) वर्षमा एकचोटि

आ ) मण्डलीमा सबैजना हुने समय मिलाएर सेमिनार सञ्चालन गर्नु राम्रो हुन्छ

३ ) छलफल र झुण्ड कामद्धारा शिक्षकलाई समावेश गर्न नभुल्नुहोला । जसरी उनीहरुले विद्यार्थीलाई सिकाँउछन् , त्यसरी नै उनीहरुले पनि अभ्यास गरेरै राम्ररी सिक्न सक्छन् । छलफल प्रश्नहरु पनि गर्नुहोस् ।

२ . प्रभावशाली शिक्षक बन्नु : सेमिनारको निम्ति सामाग्री

क ) कक्षा कोठामा अनुशासन

कक्षालाई अनुशासनमा राख्नु गाह्रो काम हो । नराम्रो व्यवहार भएको नानीलाई सुधारिएन भने , उसले अरुलाई पनि सिक्नमा बाधा पुर्‍याउछ । धेरै शिक्षकहरुले तलका उपायहरु सहयोगी पाएका छन् यी उपायहरु दुई भागमा बाडिँएका छन् : अनुशासन समस्यालाई रोक्ने अनि यस्तो भएको बेला सुधार गर्ने ।

१ ) अनुशासन समस्यालाई रोक्ने

अ ) नानीहरुलाई कक्षाको नियमबारे राम्ररी बुझाइदिने ।

उनीहरुबाट के आशा गरिन्छ , नानीहरुले जान्नुपर्दछ ।

आ ) सँधै तयार बस्ने

१ ) तपाईको कक्षाले बुझ्न सक्नेगरी पाठ तयार पार्नुहोस् । नानीहरुले रुची लिन सकेनन् अथवा उनीहरुले नसक्ने काम अह्राइयो भने उनीहरु बदमाश बन्दछन् ।

२ ) धेरै कार्यक्रमहरु भयो भने मात्र नानीहरुले दु: ख दिन पाउँदैनन् ।

इ ) विद्यार्थीहरुसित सम्बन्ध गास्नुँहोस्

१ ) शिक्षकले उनीहरुलाई वास्ता गर्दछन् भन्ने रहस्य जान्दछन् भने मात्र विद्यार्थीहरु कम चकचके हुन्छन् ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

२ ) उनीहरुको नाउँ कण्ठ गर्नुहोस् अनि बारम्बार प्रयोग गर्नुहोस् ।

३ ) उनीहरुमा रुची देखाउनुहोस् । प्रत्येक नानीको परिवार, अभिरुची स्कूल र विशेष खुबी , आदि पत्तालगाउने काम गर्नुहोस् ।

४ ) उनीहरुको आमा-बाबुलाई चिन्नुहोस् ।

५ ) बोलीबीनाको संचारले नानीमा तपाईको कति रुची छ त्यो बताउँछ । मुस्काउने र आखाँदौडाउने काम अति मुख्य हुन्छ ।

६ ) नानीहरुलाई पनि कक्षामा सघाउने काम गर्नलाई अह्राउनुहोस् ।

ई ) उनीहरुको असल व्यवहार पत्ता लगाई प्रशंसा गरिदिनुहोस्

धेरै नानीहरु ध्यानाकर्षण गर्नलाई पनि चकचके बन्दछन् । उनीहरुले राम्रो काम गर्दा तपाईले वास्ता पुऱ्याउनु हुन्छ भन्ने कुरा उनीहरुले चाल पाए , उनीहरु राम्रै गर्न उत्सुक बन्दछन् ।

२ ) अनुशासान समस्यालाई सुधार्नु

जब एक बालकले व्यवहार गर्दछ :

अ ) नानीलाई सठीक व्यावहार गर्नलाई सम्झाउनुहोस् । उदाहरयाको लागि एक बालकले कुनै साथीलाई हिर्काउँदै छ भने भन्नुहोस् ,"जेशन, तिमीले हात बाँधेर आफ्नो काखमा राख त ।"

आ ) प्रश्नात्मक वाक्यमा होइन तर दृढ आज्ञाको रुपमा निर्देशन दिने । उदाहरण : "हरि, त्यो कागज कन्टेनरमा हाल त ।""हरि त्यो कागज कन्टेनर हालिदिन्छौं कि ?" भन्नेहोइन ।

इ ) शान्त रहनुहोस् । रीस र चिच्याहटद्धारा नियन्त्रण गर्न नसकिएको चुपचाप रहेर तर आखाँ वरिपरि घुमाएर गर्न सकिन्छ ।

ई ) यदि बालक तपाईको निर्देशनलाई वास्तै गर्दैन भने केही समयको निम्ति उसलाई बाहिर पठाइदिनुहोस् । कति विद्यार्थीहरु चाहिं दर्शक नहुँदा चुपचाप रहन्छन् ।

उ ) सधैं प्रेममा अनुशासान गर्नुहोस् । व्यक्तिलाई होइन , व्यवहारलाई आक्रमण गर्नुहोस् ।

ऊ बालकलाई कक्षामा अप्याठ्यारो नपार्नुहोस् । उसँग एक्लै भेटेर सम्झाउनुहोस् ।

ऋ ) यदि बालकले लगातार नटेर्ने व्यावहार गर्दछ भने क्रमशः बाल सेवकाइ अगुवा र पाष्टरसँग भेट्टाउने काम गर्नुहोस् ।

ख ) प्रभावशाली शिक्षणका चार सिद्धान्तहरु

१ ) तपाईका विद्याथीहरुको सामर्थ्य र रुचीहरु थाहा गर्नुहोस् , अनि त्यही ज्ञानमा आधारित गरेर पाठ

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

तयार पार्नुहोस् ।

उनीहरु बढदै जादाॅ , नानीहरुको सामर्थ्य, ध्यानाकर्षण क्षमता , अनि अभिरुचीहरु परिवर्तन हुँदै जान्छ ।

२ ) सम्पूर्ण पाठ्याक्रममा तपाईको पाठ कहाँ सठीक हुन्छ थाहा गर्नुहोस् । वर्षभरिमा तपाईका नानीहरुले  विभिन्न विषयहरुमा अध्ययन गरिरहेका हुन्छन् । कुनै एक विषयलाईं लिएर तपाईले दुईदेखि पाँच कक्षा पढाउनु हुन्छ ।

उदाहरण

मुख्य धारणा १ : उहाँको आज्ञा पालन गर्नेलाई परमेश्वरले आशिष दिनुहुन्छ ।

अ ) पाठ १ = आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लंगन गरे - उत्पत्ति ३

आ ) पाठ २ = नूहले परमेश्वरको आज्ञा पालन गऱ्यो -६:१–७:१६

इ ) पाठ ३ = परमेश्वरले नूह र परिवारलाई बचाउनुभयो –उतपत्ति ७:१७-८:२२

ई ) पाठ ४ = अब्राहमले परमेश्वरको आवाजलाई सुन्दछ - उतपत्ति १२:१-९

३ ) पाठ तयार गर्नुभन्दा अघि प्रत्येक पाठबाट सिक्नुपर्ने उद्देश्य थाहा गर्नुहोस् । विशेष उद्देश्यद्धारा विद्यार्थीले पाठ सिकेपछि केहीगर्नलाई इच्छा गर्ने , जान्ने र सामर्थ्यवान हुने काम गर्दछ । शिक्षकले विद्यार्थीको जीवनमा देख्न चाहना राखेको कुरा नै यही विशेष उद्देश्य हो ।

पाठमा भएको प्रत्येक कुरो नै उक्त उद्देश्यसित सम्बन्धित हुनुपर्छ । आफूले सिकेको पाठ अनुसार आफ्नो दैंनिक जीवन लागू गर्न विद्यार्थीहरु तयार बन्नु पर्दछ । जीवन परिवर्तनको निम्ति सत्य जान्नुमात्र पर्याप्त छैन - ज्ञान सिकेर केहीगर्न सक्यो भने मात्र त्यो उसको हुन्छ । पाठका केही उद्देश्य नमूनाहरु तल प्रस्तुत छन् :

अ ) विद्यार्थीले दैनिक प्रार्थनाको महत्व बुझ्रेर प्रार्थनाको डायरी राख्न सक्नेछ ।

आ ) “हरेकसँग दयालु बन्नुपर्छ” भनेर बाइबलले भन्दछ भनी बालकले जान्छ अनि दिएर आनन्द अनुभव गर्न सक्नेछ ।

इ ) विद्यार्थीले परमेशवरको पाप क्षमा दिने स्वभावबारे जान्नेछ अनि हालै गरेको कुनै पापको क्षमा प्रार्थना गरेर माग्न सिक्नेछ ।

४ )  नानीहरुलाई पाठमा सक्रियतापूर्वक समावेश गर्नुहोस्

कक्षा अघि उभिएर सम्पूर्ण कक्षा समयभरि भाषण छाँट्ने काम नगर्नुहोस् । निष्क्रिय पाराले सुनेर भन्दा सक्रिय पाराले भाग लिएर उनीहरुले राम्ररी सिक्न सक्छन् । छोएर , चाखेर , सुँघेर देखेर अनि सुनेर सिक्छन् ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

तपाईको पाठमा नानीहरुलाई समावेश गर्ने थुप्रै तरिकाहरु छन् : संगीत , कला , नाटक , प्रहेलिका , नास्ता , खेल , मानचित्र, लेखन ........... विभिन्न कार्यक्रम प्रस्तुत गर्नुहोस् । विद्यार्थीहरुलाई संलग्न मिल्ने केही उदाहरण तल दिइएको छ - जुन सबै आयुका विद्यार्थीहरुमा लागू गर्न सकिन्छ ।

अ ) कला

उनीहरुको आफ्नै हातले नक्साहरु बनाउन लगाइयो भने उनीहरुलाई निम्न कुराको निम्नि अवसर दिइएको हुन्छ :

१ ) उनीहरुको आफैंलाई अभिव्यक्ति दिनु

२ ) पाठबाट सिकेका सत्यहरु सम्झन्छन्

३ ) सफाइको बेला सहयोगी बन्छन्

पाठ के गरेर गर्नु – को विरामी छ उसलाई एउटा उपहार दिने

यशैया ६४:८ परमेश्वरको –बाटोबाट केही बनाउन लाउनु

सृष्टि – जो परमेश्वरले बनाउनु भएको थियो

आ ) संगीत

नानीहरुलाई बाइबल सत्य र आराधनाबारे सिकाउनु संगीत एक अत्युक्तम माध्यम हो । स
ंगीतलाई निम्नि प्रयोग गर्नुहोस् :

१) नानीहरुलाई  धर्मशास्त्रीय पद सिकाउनु

२ ) आराधनाको वातावरण सिर्जना गर्न

३ ) एक्सन गीत गाउन लाएर सक्रिय बनाउनु

गाउनु, संगीत सुन्नु, बाजाहरु बजाउनु, अनि गीतहरु लेख्न लगाउन सकिन्छ ।

इ ) नाटक

बाइबल चरित्रहरु अनि कथाहरुलाई अभिनय गर्दा नानीहरुले भुल्न सक्दैनन् । पपेट , अभिनय र स्किट आदि ।

निम्नि पाठमा

लूका १५:११–३२ नानीहरुलाई पिता र दुई छोराहरुको अभिनय गर्न लगाउनुहोस् ।

हराएको भेडा कुनै हराएको गुडिया खोज्न लगाउनुहोस् ।

ई ) विविध कार्यक्रम

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

निम्नि पाठमा

सहभागिता कुनै प्रहेलिका सुल्झाउन नानीहरुले मिलेर काम गर्छन् ।

धन्यवादिता नास्ता बाँड्छन् : प्रभुलाई धन्यबाद दिने काम पनि नानीहरुलाइ नै अह्राउनुहोस् ।

धर्मशास्त्रबाट पदहरु बाइबलकोपद उनीहरुको आफ्नै शब्दहरुमा भन्न लाउने ।

कण्ठगरी भन्नु उसको जीवनमा परमेश्वर कति बहुमूल्य हुनुहुन्छ भनी कुनै साथीलाई पत्र लेख्ने लाउने ।

पावलको यात्रा मानचित्रमा दाग लाउन लाउने।

ग ) नानीहरुको लागि पाठ तयारी गर्दा अपनाउनु पर्ने कदमहरु

नानीहरुलाइ पढाउन अघि , शिक्षकले नै मुख्य धारणा र बाइबल पदबारे राम्ररी जानेको हुनुपर्छ ।

१ ) अध्ययनको लागि तयारी

कुनै पाठ तयार गर्नु अघि :

अ ) अध्ययनको निम्ति विशेष समय तोक्नुहोस् । ठाउँ पनि शान्त होस् ।

आ ) प्रार्थना समय बिताउनुहोस् ( याकूब १:५ )

१ ) तपाईले सिकाउने विचार गर्नुभएको पदबाट परमेश्वरले अर्न्तदृष्टि दिऊन् भनेर प्रार्थना गर्नुहोस् ।

२ ) तपाईको विद्यार्थीहरुको निम्ति प्रार्थना गर्नुहोस् ।

३ ) तपाईका विद्यार्थीहरुको खाँचो बुझ्न सकुँ भनी प्रार्थना गर्नुहोस् ।

इ ) तपाईले हध्ययन गर्ने विचार गर्नु भएको पदयांशको निम्ति प्रार्थना गर्नुहोस ।

२ ) धर्मशास्त्रीय पदयांश अध्ययन गर्ने सम्बन्धमा

पाठ तयार गर्दा दुईवटा सिद्धान्तहरु अपनाउनुहोस् :

अ ) सिद्धान्त नं.१ -अवलोकन

सर्वप्रथम तपाईले यो प्रश्नको उत्तर दिनैपर्छ , “यो पदयाशंले के भन्छ ?” यो प्रश्नको उत्तर दिन तपाईलाई निम्नि प्रश्नहरुले सहयोग पुर्‍याउँछ ।

१ ) यो पदयाशंले कुनै विषयवस्तुबारे कुरा गरिरहेको छ ?

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

के बाइबलका अरु ठाउँहरुमा पनि यसबारे उल्लेख भएको पाइन्छ ?

२ ) यसमा को को सामेल छन् ? कुन कुन व्यक्तिहरु समावेश छन् ?

३ ) यी घटनाहर कहिले घटिरहेका थिए ? लेखकले यो विषयवस्तुबारे लेख्दा अरु कुन कुन घटनाहरु घटिरहेका थिए ?

४ ) यो घटना कहाँ घटेका थिए ? के यी घटनाहरुको स्थान यस विषयवस्तु ठीकसँग बुझ्नलाई महत्वपूर्ण छ?

५ ) ती घटनाहरु कसरी घटेका थिए ?

६ ) यो लेखिन किन जरुरी थियो ? यो पदयांशमा भएका कुन घटनाहरु घटिसके ?

टिप्पणी : प्रत्येक पदयाशंमा प्रत्येक प्रश्नको खास जवाफ नमिल्ला । तपाईले उत्तर दिन सक्ने जति मात्र उत्तर दिनुहोस् । अध्ययन गर्नुहुँदा तपाईका अवलोकन बुँदाहरु खाली ठाउँमा ( अथवा छुट्टै पानामा ) लेख्नुहोला । यिनै सामाग्री तपाईको सन्देश तयार पार्दा प्रयोग गर्न सकिन्छ ।

आ ) सिद्धान्त नं. २ - प्रयोग

अर्को , तपाईले यो प्रश्नको उत्तर दिनैपर्छ,“यो पदयांशले जे भनेको छ, त्यसको प्रत्युत्तरमा मैले के गर्नुपर्छ ?” यसद्धारा श्रोतालाई परमेशवर र उहाँको सन्देशप्रति आज्ञाकारी बन्न सहयोग पुग्छ ।

तलका प्रश्नहरुको जवाफ दिएर प्रयोगको अभ्यास गर्न सकिन्छ :

१ ) के मैले पछ्याउनको निम्ति के नमूनाहरु छन् ?

२ ) के मैले पालन गर्नको निम्ति आज्ञाहरु छन् ?

३ ) के मैले स्वीकार गर्नुमिल्ने प्रतिज्ञाहरु छन् ?

४ ) के मैले दाबी गर्नमिल्ने प्रतिज्ञाहरु छन् ?

५ ) के मैले पालना गर्नुपर्ने सिद्धान्तहरु छन् ?

३ ) यति तयार पारिसकेपछि , आफूले हासिल गरेको ज्ञान प्रयोग गरी पाठ तयारी गर्नु पर्दछ । हरेक पाठ तयार पार्दा अर्को पानामा भएको रुपरेखा प्रयोग गर्न सक्नुहुन्छ ।

४ ) पाठको उद्देश्य प्रदान गर्ने विद्यार्थीहरुको सिक्न सक्नेगरी कार्यक्रमहरु बल सेवकाइ अगुवाको सल्लाहमा तयार पार्नुपर्दछ । प्रभावशाली शिक्षणमा प्रस्तुत गरिएका सिद्धान्तहरु नबिर्सनुहोस् ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

५ ) पाठको कुन भागलाई कति समय लगाउनु पर्छ, मोटामोटी रुपमा पहिल्यैबाट निर्धारित हुनु अति जरुरी छ ।

६ ) पाठको निम्ति चाहिने सामाग्रीहरु पहिल्यैबाट तयार पार्नुहोस् ।

पाठ योजना फारम

मुख्य धारणा...................................................पाठको शीर्षक ............................................

वर्ष स्तर .............................................कति समय पढाउने ...................................................

धर्मशास्त्रीय पदयांशहरु....................................

सिक्नुका उद्देश्यहरु.............................................................................................................

.................................................................................................................................

सिक्नुपर्ने कार्यक्रमहरु लगभग

१ ............................................................... .........................................

...................................................................

.................................................................

२ ................................................................. .........................................

....................................................................

....................................................................

३ ............................................................... ...........................................

...................................................................

....................................................................

४ ............................................................... ............................................

................................................................

................................................................

पाठको निम्ति चाहिएका सामाग्रीहरु

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

छलफल प्रश्नहरु

अनुशासन

१ ) किन राम्ररी पाठ तयार पार्ने अगुवाले साह्रै बढी समस्याहरु झेल्नु पर्दैन ?

२ ) किन हरेक विद्यार्थीसँग सम्बन्ध स्थापित गर्नले कक्षामा सिक्नको निम्ति राम्रो वातावरण बन्न सक्छ ?

३ ) सिकाउँदाखेरी तपाईले सामना गर्नुपरेको सबै भन्दा गाह्रो बानी व्यहोरा सम्बन्धी समस्या के थियो ? (हरेक शिक्षकको उत्तर सुनेर तिनको उत्तर निकाल्ने प्रयत्न गर्नुहोस्)

प्रभावशाली शिक्षण सिद्धानतहरु

१ ) किन प्रत्येक पाठमा प्रयोगको भाग हुनु जरुरी हुन्छ ?

२ ) किन ससाना नानीहरुलाई सिकाउने शिक्षकहरुले आठ वर्षका नानीहरुलाई सिकाउने पाठ प्रयोग गर्नु मिल्दै न ?

३ ) सिक्नुको उद्देश्य के हो ?

४ ) तपाईको प्रयोग गर्नुभयो वा अरुले चलाएको देख्नुभएको सिर्जनात्मक शिक्षण कार्यक्रमको संक्षिप्त वर्णन गर्नुहोस् ।

कक्षा बाहिर गर्नुपर्ने गृहकार्य : आफ्नै पाठ तयार पार्नुहोस्

१ शामूयल १७:१-५८ बाट दुईदेखि वर्षका नानीहरुको निम्ति एउटा , अनि १०-११ वर्षका निम्ति अर्को पाठ तयारी पार्न अध्ययन प्रश्नहरु बुझेर पाठ यायेजनाको फारम भर्नुहोस् ।

पढ्नुहोस् १ शमूयल १७:१-५८

अवलोकन सम्बन्धी प्रश्नहरु

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

१. यो पदयाशंले कुन विषयवस्तुबारे कुरा गरिरहेको छ ? के बाइबलका अरु ठाउँहरुमा पनि यसबारे उल्लेख भएको पाइन्छ ?

..........................................................................................................................
..........................................................................................................................

२ . यसमा को को सामेल छन् ,कुन कुन व्यक्तिहरु समावेश छन् ?

..........................................................................................................................
..........................................................................................................................

३ .यी घटनाहरु कहिले घटिरहेका थिए ?लेखकले यी विषयवस्तुबारे लेख्दा अरु कुन घटनाहरु घटिरहेका थिए ?

..........................................................................................................................
..........................................................................................................................

४. यी घटनाहरु कहाँ घटेका थिए?के यी घटनाहरुको स्थान यस विषयवस्तु ठीकसँग बुझ्नलाई महत्वपूर्ण छ ?

..........................................................................................................................
..........................................................................................................................

५. यो लेखिन किन जरुरी थियो ? यो पदयांशमा भएका कुन घटनाहरु घटिसके ?

..........................................................................................................................
..........................................................................................................................

६. यी घटनाहरु कसरी घटेका थिए ?

..........................................................................................................................
..........................................................................................................................

प्रयोगसम्बन्धी प्रश्नहरु

१. के मैल पछ्याउनको निम्ति केही नमूनाहरु छन् ?

..........................................................................................................................
..........................................................................................................................

२. के मैले पालन गर्नको निक्ति आज्ञाहरु छन् ?

..........................................................................................................................
..........................................................................................................................

३. के मैले स्वीकार गर्नुपर्ने पापहरु छन् ?

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

………………………………………………………………………………………………………………………

………………………………………………………………………………………………………………………

४. के मैले दाबी गर्न मिल्ने प्रतिज्ञाहरु छन् ?

………………………………………………………………………………………………………………………

………………………………………………………………………………………………………………………

५. के मैले पालना गर्नुपर्ने सिद्धान्तहरु छन् ?

………………………………………………………………………………………………………………………

………………………………………………………………………………………………………………………

पाठ योजना फारम १

मुख्य धारण : परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ

पाठको शीर्षक : परमेश्वरले दाऊदलाई सहायता गर्नुहुन्छ

उमेर स्तर : ससाना(२-३ वर्षका)

कति समय पढाउने : ९०मिनेट

धर्मशास्त्रीय पदयांश : १ शामूयल १७:१-५८

सिक्नुको उद्देश्य :

सिक्नुसम्बन्धी कार्यक्रमहरु लाग्ने समय

१.

२.

३.

४.

पाठको निम्ति चाहिएको सामाग्री

पाठ योजना फारम २

मुख्य धारणः हामीलाई सुरक्षा गर्नको निम्ति परमेशवरले उहाँको शक्ति प्रयोग गर्नुहुन्छ ।

पाठको शीर्षक : दाऊदले गोलियतलाई पराजित गर्दछ

उमेर स्तर : १०-११ र्व्षका

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

कति समय पढाउने : ९० मिनेट

धर्मशास्त्रीय पदयांश : १ शामूयल १७:१-५८

सिक्नुको उद्देश्य :

सिक्नुसम्बन्धी कार्यक्रमहरु लाग्ने समय

१.

२.

३.

४.

५.

पाठको निम्ति चाहिएको सामाग्री

## बाल सेवकाइ

### पाठ ४ : बाल सेवकाइको मूल्याङ्कन /पाठ योजनाको पूर्नमूल्याङ्कनत्र

उद्देश्य

ईसाई अगुवाहरुलाई बाल सेवकाईको प्रभावशालीता नाप्ने मापदण्ड उपलब्ध गराउने : पाठ विकास गने ' योजनागत अभ्यास प्रबन्ध गर्नु ।

सिक्नुपर्ने

१ ) बाल सेवकाई मूल्याङ्कन गरिनुपर्ने एक तरिका

२ ) तयार पारिएको पाठ योजनाको एक उदाहरण

१. बाल सेवकाइको प्रभावशालीता मूल्याङ्कन

मूल्याङ्कन गरिनु भन्नाले नकारात्मक अनि भेट्टाउने काम होइन । तर यस्तोबेला धेरैभनदा धेरै सूचना जम्मा गरेर सेवकाइको बलियो र कमजोर पक्ष थाहा गर्ने अनि सुधार्ने काम जारी गर्ने ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

क ) कहिले मूल्याङ्कन गर्ने

कम्तिमा वर्षमा एक पटक–वर्षमा दुईचोटी अझ राम्रो ।

ख ) कसले मूल्याङ्कन गर्ने

जति बढी प्रकारका मानिसहरुले मूल्याङ्कन गर्दछन् , उति बढी जानकारी पाइन्छ ।

१ ) आमा-बाबु

उनीहरुसँग यसप्रकारको प्रश्न गर्नसक्नु हुन्छ, “यदि तपाई बाल सेवकाइमा एउटा एउटा कुरा परिवर्तन गर्ने मौका पाउनु भयो भने कुन चाहिँ गर्नुहुन्छ ?”

२ ) नानीहरुलाई

उनीहरुलाई निम्न वाक्यहरु पूरा गर्न लाउनुहोस्:

“मलाई मण्डलीमा मन परेको एउटा विशेष कुरा हो...................... ।”

“मलाई यस्तो हुँदा मन पर्दैन जब ........................। ”

३ ) शिक्षकहरु

शिक्षकहरुले आफैंलाई तालिम सेसन , अनि पाठ्यक्रमलाई मूल्याङ्कन गर्न सक्छन् ।

४ ) मण्डली अगुवाहरु

उनीहरुले बाल सेवकाइ मण्डलीको एक प्रमुख भागको रुपमा मूल्याङ्कन गर्नुपर्छ ।

५ ) बाल सेवकाइ अगुवा

उनले निम्नअनुसार मूल्याङ्कन गर्नुपर्छ ।

ग ) कुन क्षेत्रमा मूल्याङ्कन गरिनु खाँचो छ ?

१ ) पाठ्याक्रम

अ ) बाइबल आधारित छ ?

आ ) सुसमाचारीय छ ?

इ ) नानीहरुले विभिन्न पाठहरु अध्ययन गर्दै सम्पूर्ण बाइबलको ज्ञान हासिल गर्न सक्ने किसिमको छ ?

ई ) के प्रत्येक पाठको एक विशेष उद्देश्य छ ?

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

उ ) के पाठले नानीहरुको दैनिक जीवनमा वचन पालन गर्नलाई जोड दिएको छ ?

२ ) संरचना र कार्यक्रम

अ ) के यो सेवकाइले सन्तुलित रुपमा बाइबल शिक्षा, आराधना, संगति र सेवाका अवसरहरु प्रदान गर्दछ ?

आ ) के नानीहरुको उमेर स्तर २-३ वर्षको भिन्नतामा राखिएको छ ?

इ ) के विभिन्न प्रकारका कार्यक्रमहरु प्रस्तुत गरिएको छ ?

ई ) के हाम्रा कार्यक्रमले हाम्रा मण्डली र समुदायको खाँचो पूरा गर्छ ?

उ ) के नौला आगन्तुकहरुले स्वागत भएको र सहज अनुभव गर्छ ?

ऊ ) के नानीहरुले आफ्ना साथीहरु र ठूलाहरुसँग मित्रता निर्माण गर्ने मौका पाइरहेका छन् ?

३ ) सुविधाहरु

अ) के नानीहरुलाई उपलब्ध गराइएको सुविधाहरु सुरक्षित छन् ?

आ ) के नानीहको निम्ति प्रशस्त जग्गा उपलब्ध छ ?

इ ) के नानीहरुको उपलब्ध गरिइएको फर्निचर सुविधायुक्त छन् ?

ई ) के नानीहरुको कलासम्बन्धी कामहरु प्रदर्शन गर्ने ठाउँ छ ?

४ ) शिक्षक नियुक्त अनि तालिम

अ ) अहिले कतिजना अरु शिक्षक-शिक्षिकाहरु चाहिएको छ ?

आ ) गत ६ महिनामा कति जनाले शिक्षक-शिक्षिकाको जिम्मेवारी स्वीकारे ?

इ ) के हामीले हाम्रा क्लासमा शिक्षक -विद्यार्थीको सन्तुलित अनुपातलाई स्वीकारेका छौं ?

ई ) के शिक्षकहरुलाई लिखित रुपमा कार्य विवरण दिइएको छ ?

उ ) के प्रत्यक नयाँ शिक्षक– शिक्षिकालाई प्रारम्भमा नै तालिम दिइयो ?

ऊ ) के तालिम सेमिनारमा शिक्षकलाई चाहिने सम्पूर्ण सूचनाहरु प्राप्य हुन्छ ?

५ ) शिक्षक–शिक्षिकाहरु

अ ) के शिक्षकहरुले क्लासमा प्रयोग गर्ने नियम भए नानीहरुलाई राम्ररी बताएका छन् ?

आ ) के शिक्षकले पाठ तयार पार्न प्रशस्त समय बिताउँछन् ?

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

इ ) के शिक्षकले नानीहरु र तिनका मातापितालाई चिन्न कुनै उपाय अपनाएको छ ?

ई ) जब आवश्यक पर्छ नानीहरुलाई अनुशासित गर्न के शिक्षकले सही कदमहरु चलेको छ ?

उ) के शिक्षक कक्षा नियन्त्रण गर्न सामर्थ छ?

ऊ ) के शिक्षकले आफूले पढाउँदै गरेको विद्यार्थीहरुको उमेर अनुसारको सामर्थ्य र अभिरुची बुभ्न समर्थ छ ?

ऋ ) के पाठहरु सिक्नेलाई रुची दिने किसिमको छ ?

घ ) सूचनाहरु पाएपछि के गरिनुपर्छ ?

१ ) आफ्ना सफलताहरुमा रमाउनुहोस् । आफ्ना सेवकाइको सबल उत्साहित हुनुहोस् । कसरी नानीहरु लाई अभ्र सिकाउन सक्छु भनी सोच्नुहोस् ।

२ ) सुधारको कार्य गर्नलाई तपाईलाई लागेको एक वा दुई अति मुख्य क्षेत्रहरु चुन्नुहोस् । एकैपटक धेरै सुधार गर्ने प्रयत्न नगर्नुहोस् ।

३ ) पूरा गर्न सकिने लक्ष्यहरु निर्धारित गर्नुहोस् अनि तिनलाई पुरा गर्ने मिति तोक्नुहोस् ।

२. पाठ योजना अभ्यासलाई दोहोऱ्याउनु

उत्तर सहितको पाठ योजना १ र २ तल प्रस्तुत गरिएको छ ।

क ) १ शामूयल १७:१-५८ अनुसारका प्रश्न उत्तरहरु

अवलोकनका प्रश्न उत्तरहरु

१ . यो पदयांशले कुन विषय-वस्तुबारे कुरा गरिरहेको छ ? के बाइबलका अरु ठाउँहरुमा पनि यसबारे उल्लेख भएको छ ?

हामीलाई अति असम्भव लागेको विघ्न-बाधाहरुमाथि विजय हासिल गर्ने सामर्थ्य परमेश्वर राख्नु

हुन्छ । (यूहन्ना ११ )

साना वा कमजोर व्यक्तिहरुद्धारा परमेशवरले महान काम गर्न सक्नुहुन्छ । ( प्रस्थान ४:१०-१२ )

१ कोरन्थी १:२७१ राजा १७:८-१६

२. यसमा को को सामेल छन् ? कुन कुन व्यक्तिहरु समावेश छन् ? दाऊद , गोल्यत , साजा , शाऊल , एलिया

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

३.  यी घटनाहरु कहिले घटिरहेका थिए ? लेखकले यो  विषय-वस्तुबारे लेख्दा अरु कुन घटनाहरु घटिरहेका थिए ?

फिलिस्तीहरुसित इस्राएलीहरुको युद्ध चलिरहेको थियो

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

४. यी घटना कहाँ घटेका थिए ? के यी घटनाहरुको स्थान यस विषयवस्तु ठीकसँग बुझ्नलाई महत्वपूर्ण छ ?

एलाहको उपत्यका

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

५ ) यी घटनाहरु कसरी घटेका थिए ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

६ ) यो लेखिन किन जरुरी थियो ? यो पदयांशमा भएका कुन घटनाहरु घटिसके ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

जवान दाऊदले साहससाथ गोल्यतसॅग लड्न सुर्रिन्छ । शाऊलले दिएको हतियार र पहिरन उसले इनकार गर्दछ अनि गुलेली र पाँचवटा ढुङ्गाले त्यो राक्षस जस्तो गोल्यतलाई मार्दछ ।

१. के मैले पछ्याउनको निम्ति केही परमेश्वरको निम्ति केही नमूनाहरु छन् ?

उसलाई सफल पार्न परमेश्वर सामर्थ्यवान हुनुहुन्छ भनेर दाऊदले भरोसा गरेको

२. के मैले पालन गर्नको निम्ति आज्ञाहरु छन् ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

३. के मैले स्वीकार गर्नुपर्ने पापहरु छन् ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………………

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

४. के मैले दाबी गर्न किल्ने प्रतिज्ञाहरु छन् ?

..........................................................................................................................................................

..........................................................................................................................................................

५. के मैले पालना गर्नुपर्ने सिद्धान्तहरु छन् ?

मानिसको दृष्टिमा परिस्थिति जतिसुकै नाजुक देखिए तापनि उहाँको उद्देश्य पूरा गर्नलाई परमेश्वरसँग शक्ति छ ।

ख ) १ शामूयल १७:१-५८ को आधारमा दुई पाठहरुको लागि पाठ योजना फारमहरु

पाठ योजना फारम १

मुख्य धारणाः परमेश्वरले हामीलाई सहायता गर्नहुन्छ

पाठ शीर्षक : परमेश्वरले दाऊदलाई सहयोग गर्नुभयो

उमेर समूह : २-३ वर्ष

कक्षा समय : ९० मिनेट

पदयांश : १ शामूयल १७:१-५८

सिक्नुपर्ने उद्देश्य

दाऊदको सफलताको कारण परमेश्वर हुनुहुन्छ भनी विद्यार्थीहरुले भन्न सक्छन् , अनि तिनीहरुले आफ्नै जीवनमा चाहिएको सहयोगको निम्ति परमेश्वरसँग प्रार्थना गर्नेछन् ।

| सिक्नलनई कार्यक्रमहरु | लगभग चाहिने समय |
|---|---|
| १. ससाना नानीहरु कक्षामा आउँदै साना ब्लकहरुको खेल खेल्छन् अनि एउटा सानो ब्लकले कसरी ठूलो टावरलाई ढाल्छ, त्यो देखेर रमाउँछन् । | २० मिनेट |
| २. समूहमाः दाऊदबारे गीत गाउँछन् कथा भनिन्छ : दाऊदले गोल्यातलाई पराजित गरेको | २० मिनेट |
| ३. केही गरेर सिक्ने : गोल्यतको तुलनामा सानो देखिने दाऊदको नक्सा टाँसेर रंग भर्छन् | २० मिनेट |
| ४. खाजा/नास्ता | १५ मिनेट |
| ५. समाप्ति : नानीहरुर्ला कुन कुराले डराउने तुल्याउँछ , एउटा वा दुईवटा | |

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

बारेमा कुरा गर्छन् : त्यस क्षेत्रमा परमेश्वरको सहायता माग्नलाई प्रार्थना

गर्ने मौका हरेकलाई प्रदान गर्नुहोस्

पाठको निम्ति चाहिएको सामाग्रीहरु

ब्लकहरु, सानोगोली, दाऊद र गोल्यतको पोष्ट, हतियार र बस्त्रहरु, हरेक विद्यार्थीको निम्ति दाऊद र गोल्यतको नक्सा, टाँस्ने ग्लू, निर्माणको निम्ति कागज , नास्ता ।

पाठ योजना फारम २

मुख्य धारणा : हाम्रो सुरक्षा गर्न परमेश्वरले आफ्नो शक्ति प्रयोग गर्नुहुन्छ

पाठ शीर्षक : दाऊदले गोल्यतालाई पराजित गर्दछ

उमेर समूहः १०-११ र्व्ष

कक्षा समय : ९० मिनेट

पदयांश : १ शामूयल १७:१-५८

सिक्नुपर्ने उद्देश्यः हाम्रो महानता हामी आफैंमा होइन , तर परमेश्वरमा छ भनेर विद्यार्थीहरुले जान्नेछन् , अनि तिनीहरुले प्रार्थनामा परमेश्वरको शक्ति माग्नेछन् ।

सिक्नलाई कार्यक्रमहरु लाभग चाहिने समय

१. सबै विद्यार्थीहरुले एक एक गरेर १ शामूयल १७:४५ कण्ठस्थ भन्नेछन्

(यो पद उनीहरुले अघिल्लो सातामा नै पाएका हुन्छन्) १० मिनेट

२. चुनिएका विद्यार्थीहरुले धर्मशास्त्रीय पदलाई पढ्ने/अभिनय गर्नेकाम गर्ने

(यो पद पनि पहिल्यैबाट अह्राइएको हुनुपर्छ ) २० मिनेट

३. पदयांशबारे भएका प्रश्नको उत्तर कक्षाले दिन्छ । उत्तरहरुबारे छलफल गर्नुहोस् । १० मिनेट

४. कथाबारे छलफल - उसको दाजु एलिआब, शाऊल र गोल्यतले दाऊदलाई

कस्तो देखे त्यसमा केन्द्रित गर्ने २० मिनेट

५. विद्यार्थीहरुले आफैंमा देखेर दुई कमजोरीहरुको सूची तयार पारुन्: विद्यार्थीहरुसँग

शान्तसँग प्रार्थना गरेर अन्तिम प्रार्थना गर्ने

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

६. अर्को साताको निम्ति कण्ठस्थ पढिदिने र भनिदिने

पाठको निम्ति चाहिएको सामाग्रीहरु

१ शामूयल १७ बाट तयार पारिएका धर्मशीत्रीय पद , कथाबारे प्रश्नका सूचीहरु, कागज र पेन्सिलहरु ।

थपनी -सिक्ने व्यक्तिलाई जान्नु : बाल विकाससमबन्धी पाठहरु

पाठ १: भूमि तयार पार्नु : मलिलो माटो

२ देखि ३ वर्षसम्मका नानीहरुलाई टोडलर्स भनिन्छ ।

१. टोडलर्सहरुलाई सिकाउनको तयारीका कदमहरु

यस्तो नानीहरुले सिकाएर भन्दा उदाहरणद्धारा सिक्छन् । तपाई शिक्षक हिंड्ने पाठ हुनुहुन्छ जसलाई नानीहरुले सिक्नेछन् । तपाईको उद्देश्य ख्रीष्टको निम्ति जिउँदो बन्ने हुनुपर्छ । जसै नानीहरु हुर्कदै जान्छन्, उनीहरुले सिकेकोसित तपाईको जीवनलाई तुलना गर्छन् । तपाईलाई परमेश्वरले दिनु भएको काम वचन पढ्ने र मनन गर्ने काममा लागिरहनुहोस् ।

२. टोडलर्सका मानसिक, आत्मिक, शारीरिक, अनि सामाजिक विकास

परमेश्वरले तपाईलाई यस्ता नानीहरुलाई सिकाउने सौभाग्य दिनुभएको छ । ईसाई चरित्र निर्माण हुनसक्ने भूमि तयार पार्न, तपाईले टोडलर्स कसरी हुर्कन्छन् जान्नु आवश्यक छ ।

हरेक नानी भिन्दाभिन्दै हुन्छन् अनि अद्धितीय व्यक्ति हुन्छन् । तिनीहरुलाई बिचार्नुहोस् जान्नुहोस् , प्रेम गर्नुहोस् अनि सिकाउनुहोस् । ह्राम्रा शब्दहरु बिर्सिएर गए तापनि नानीहरुले हाम्रा क्रियाकलाप बिर्सदै नन् । पाठ चाँडै बिर्सिइन सक्छ , तर मीठो मुस्कान अथवा झोक्किएर बोलिएको शब्द जीन्दगीभर बिर्सन सकिन्न।

क ) मानसिक विकास

१ ) टोडलर्सले अमूर्त शब्दहरु बुझ्न सक्दैनन् । यस्ता नानीहरुले धेरै कम शब्दहरु मात्र जानेका हुन्छन् । उनीहरुले बझ्न सक्ने शब्दहरु तिनै हुन्छन् जो उनीहरुले लगातार प्रयोग गर्छन् । त्यस कारण उनीहरुले बुझ्न सक्ने शब्दहरु प्रयोग गर्नुहोस् । यसदेखि बाहेक अरु कुराले उनीहरुलाई निरास पार्दछ ।

उदाहरण

टोडलर्सलाई बुझ्न गाह्रो भएका शब्दहरु बुझाउन कथा भन्नुपर्छ वा गीत गाउनु पर्छ।

उदाहरुण

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

नाीहरु ह्दो , येशूले तिमीहरुलाई प्रेम गर्नुहुन्छ । उहाँले तिमीहरुलाई यति धेरै प्रेम गर्नुहुन्छ कि उहाँ तिमीहरुको निम्ति क्रूसमा मर्नुभयो । उहाँ किन क्रूसमा मर्नुभयो, तिमीहरुलाई थाहाछ ? ( नानीहरुलाई जवाफ दिने मौका दिनुहोस् ) तिमी र मलाई पापबाट स्वतन्त्र पार्न येशू क्रूसमा मर्नुभयो । पाप के हो ? येशूले तिमीहरुलाई पापको घृणा गर्न सहायता गर्नुहुन्छ । येशूले तिमी र मलाई प्रेम गर्नहुन्छ । - येशूको प्रेम बुझाउने एउटा गीत गाउनुहोस् )

अ ) बालकले प्रेमलाई थाहा गर्न सक्छ ।

आ ) तपाईले बाइबललाई तपाईको पाठको श्रोत बनाउनु भएको छ ?

इ ) बालकलाई पाप शब्दको अर्थ अस्पष्ट दिइएको छैन । स्मरण रहोस् - प्रश्न गरेर नानीको समझ जान्न सकिन्छ ।

ई ) मुक्तिबारे ज्ञानको निम्ति आधार प्रस्तुत गर्नुभएको छ । येशूले हाम्रो निम्ति के गर्नुहुन्छ त्यसको ज्ञानद्धारा समझ शुरु हुन्छ ।

उ ) महत्वपूर्ण त यो भएको छ कि तपाईले आफ्नो कामलाई पवित्र आत्मामा छोड्नु भएको छ ।

२. टोडलर्सले प्रत्यक शब्द, व्यवहार र कामलाई सम्झन्छ । यी मध्ये धेरै कुरा उनीहरुको जीवनको निम्ति आधार बन्नेछ । नानीहरु हुँदाको कतिपय कुराहरु हामी आज पनि भुल्न सक्दैनौं ।

पावलको आज्ञालाई विचार गर्नुहोस् ।

" केही कुवाक्य तिमीहरुका मुखबाट ननिस्कोस् तर परिआएको खण्डमा सुधारको निम्ति केही असल कुरो हुन्छ भने मात्र , कित त्यसबाट सुन्नेहरुलाई अनुग्रह मिलोस् ।"(एपि,सी ४:२९ )

तपाईको शब्दहरुप्रति होशियार बन्नुहोस् किनकि तिनमा जीवनलाई आकार दिने ताकत हुन्छ ।

ख ) शारीरिक विकास

१. टोडलर्स खोजी गर्ने खालका हुन्छन् । उनीहरुले भर्खर जीवन देख्न थालेको अनि बुझ्न थालेको हुनाले , उनीहरुले संसारलाई खोजी गर्ने इच्छा हुन्छ । उनीहरुको आकर्षण बनाइ राख्न खेलकुद रंग अनि अरु विशेष कुराहरु प्रयोग गर्नुहोस् । खेलकुदको समयलाई तपाईको क्लास लिने काम नगर्नुहोस् । यस्ता नानीहरु चुप लागेर सुन्नेहरुभन्दा हेर्न, छुन, सुँघन र चलिरहन चाहन्छन् ।

२. टोडलर्समा ध्यानकर्षण समय कम हुन्छ । उनीहरु एउटै काममा लामो समय बिताउन सक्तैनन् । यदि उनीहरु वाक्क हुन पुगे , उनीहरुले गलत व्यवहार गर्न थाल्छन् ।

३. उनीहरुले धेरै मात्रामा मांशपेशी चलाउने गर्नुपर्छ । (पाखुरा,खुट्टा , शरीर चलाइरहनु पर्छ) उनीहरुको शारीरिक अभ्यास हुने कार्यक्रममा उनीहरुलाई भाग लिन प्रोत्साहित गर्नु पर्दछ ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

क ) त्यस्ता गीत गाइनु पर्छ जसले नानीहरुलाई शारीरिक अभ्यास गर्न प्रोत्साहित गर्दछ ।

ख ) खेलकूद ।

ग ) छोटो कथाहरु ।

घ ) प्राकृतिक रुपमा हिंडडुल गर्नु ।

४. टोडलर्सले सीमित मात्रामा मांशपेशी चलाउने गर्छन् ( जस्तै : औंलाहरु अनि हातहरु )

निम्न कामहरु सीमित मात्रामा गराउनुहोस् : काट्ने , रंग भर्नै, टाँस्ने, नक्सा बनाउने , इत्यादि ।

५. टोडलर्स स्वतन्त्र हुन पनि चाहन्छन् । उसले भन्छ -"म आफैं गर्न चाहन्छु ।"

६. टोडलर्सले सहयोग गर्न चाहन्छ । टेबल मिलाउने ,खेलाउने , सफा गर्ने वा चौकीहरु सार्ने काममा उनीहरुले तपाईलाई सहयोग गरुन् । जब टोडलर्सले सहयोग गर्दछ , उसलाई "धन्यवाद " भन्न नबिर्सनुहोस् ।

ग ) सामाजिक विकास

सामाजिक विकास टोडलर्सले "अरुलाई" चिन्नलाई बाँकी नै छ - उनीहरुले त "आफू" लाई बल्ल चिनीरहेका छन् । यस्ता झुण्डसँग बाँडचूड गर्ने तरिका सिकाउन हरेक उपाय गर्नुहोस् ।

एउटा बालकले उसमा हुनुपर्ने चरित्रका गुणहरु उ तीन वर्षसम्ममा सिकिसक्छ । यसकारण जीवनकालभरी रहने नैतिक र आत्मिक मूल्यको चरित्र प्रकट गर्न हरेक प्रयत्न गर्नुहोस् ।

घ ) आत्मिकी विकास

१. परमेश्वरले उनीहरुको निम्ति के गरिदिनु भयो भनी टोडलर्सले बुझ्न सक्छन् ।

जब एउटा बालकले हात उठाएर सगर्व घोषणा गर्दछ ," मम्मीले मेरो निम्ति जुत्ता किनिदिनु भयो" उत्तिखेरै उसँग मिलेर जुत्ताको निम्ति परमेशरलाई धन्यवाद दिने काम गर्नुहोस् ।

२. टोडलर्सले उनीहरुको वातावरण रमाइलो भेट्टाउँछन्।

यी नानीहरुसँग यो बारे कुरा गर्नुहोस् ।

३. टोडलर्सले परमेश्वरको प्रेमबारे बुझ्न सक्छन् ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

जब मोहन तपाईकहाँ आएर भन्छ कि उ “मण्डली बदमाश केटो थियो ” तब भनिदिनुहोस् कि उसका आमा-बाबुले उसलाई अझ प्रेम गर्छन् अनि परमेश्वरले पनि गर्नुहुन्छ।

३. टोडलर्सले बुझ्न सक्ने विश्वारको धारणा/ सिद्धानतहरु

क ) मण्डली

टोडलर्सले मण्डलीबारे केही राधारण अर्थ बुझेको हुन्छ । उनहिरुलाई भनिदिनुहोस् कि ईसाईहरुले आराधना गर्न सकून् भनेर परमेश्वले उनीहरुलाई मण्डली दिनुभयो । कण्डलीबारे अरु विभिन्न शब्दहरु चलाउनुको सट्टा बरु मण्डली के हो र यसका काम के हुन् बताइदिनुहोस् :

१ ) मण्डली त्यो ठाउँ हो जहाँ हामी परमेश्वरबारे सिक्छौं ।

२ ) मण्डली त्यो ठाउँ हो जहाँ हामी परमेश्वरको प्रशंसा गर्दछौं ।

३ ) मण्डली त्यो ठाउँ हो जहाँ ईसाईहरु सँगै मिलेर आराधना गर्दछन् ।

ख ) प्रार्थना

१ ) प्रार्थनाबारे बुझ्नलाई मन चाहिन्छ भनेर ठूलाहरुले जान्दछन् । परमेश्वरमा भर परेको जीवन जिएर हामी प्रार्थनाबारे बूझ्न सक्छौं :

क ) परमेश्वरसित बातचीत गर्नु ।

ख ) परमेश्वरलाई धन्यवाद दिनु ।

ग ) परमेश्वरको स्तुत प्रशंसा गर्नु ।

घ ) खाँचोहरु पझ्रा गरिउन् भनेर परमेश्वरसँग माग्नु ।

ङ ) निको हुन सकियोस् भनेर परमेश्वरसँग प्रार्थना गर्नु ।

२ ) टोडलर्सले प्रार्थनाबारे सिक्ने सबैभन्दा सर्वोत्तम उपाय प्रार्थनाको नमूना बनिदिनु हो ।

३ ) नानीहरुलाई पनि प्रार्थना गर्नको निम्ति प्रोत्साहन गर्नुहोस् ।

ग ) बाइबल

१ ) बाइबलप्रति प्रेम देखाउनु सकिने सबैभन्दा स्पष्ट उपाय यसप्रतिको ब्यबहार हो । तपाईले बाइबललाई वास्ता गरेको नानीहरुले देखून् । यसद्धारा उनीहरुले परमेश्वरको वचनलाई आदर गर्न सिक्छन् ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

२ ) बाइबल रमाइला कथाहरुले मात्र भरिएको होइन , जिउनको निम्ति नमूनाहरु भएको पुस्तक हो भन्ने रहस्य सिकाउनुहोस् । निम्नि शिक्षाहरु उनीहरुलाई विभिन्न प्रकारले सिकाउन सकिन्छ :

क ) असल सामरीको कथाले दया देखाउँछ ।

ख ) विधवाको भेटीले दिनु सिकाउँछ ।

ग ) अब्राहम र साराको कथाले विश्वास सिकाउँछ ।

घ ) सृष्टिको कथाले परमेश्वरको शक्ति देखाउँछ ।

३ ) हरेक दिनको घटनाहरुबाट पनि बाइबलबारे सिकाउने अवसर लिनुहोस् ।

घ ) परमेश्वर

यो सानै उमेरमा, नानीहरुले परमेश्वरबारे सरल सत्य सिक्न सक्छन् ।

क ) परमेश्वरले उनीहरुलाई प्रेम गर्नुहुन्छ ।

ख ) परमेश्वरले उनीहरुलाई सृष्टि गर्नुभयो ।

ग ) परमेश्वरलसँग उनीहरुको निम्ति विशेष उद्देश्य छ ।

घ ) परमेश्वरले उनीहरुलाई प्रेम गर्नु यसकै कारण येशूलाई पठाउनु भयो।

ङ ) परमेश्वर पवित्र हुनुहुन्छ ।

च ) उनीहरुले प्रार्थना गर्दा परमेश्वर सुन्नुहुन्छ ।

ङ ) येशू ख्रीष्ट

येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरा कति टोडलर्सले बुझ्न सक्दैनन् । धेरैजना येशू र परमेश्वरसँग भ्रान्तिमा परेर यी दुई शब्द जथाभावी प्रयोग गर्छन् । तर समयमा यी कुरा स्पष्ट हुँदै जान्छन् । तलका केही सरल टोडलर्सले बुझ्न सक्छन् :

१ ) येशू एक असल साना बालक हुनुहुन्थ्यो ।

२ ) हामीलाई प्रेम गर्नुभएको कारण येशू आउनु भयो।

३ ) येशूलाई परमेशवरले पठाउनु भयो ।

४ ) येशू मर्नुभयो अनि मुर्दाहरुबाट बौरी उठ्नु भयो ।

५ ) येशू स्वर्गमा बस्नु हुन्छ ।

६ ) येशूले आशचर्यकर्महरु गर्नुभयो ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

७ ) हामीलाई उहाँको आज्ञा पालन गरौं भन्ने येशू चाहनु हुन्छ।

च ) मुक्ति

येशूले भन्नुभयो "बालकहरुलाई मकहाँ आउनलाई नरोक किनभने स्वर्गको राज्य यस्तैहरुको हो ।"

(मत्ती १९:१४ )

धेरै पटक मण्डलीले यस्ता नानीहरुमाथि उति ध्यान पुऱ्याउँदैनन् । तर टोडलर्समा सुसमाचार प्रति खुला हृदय र मन हुन्छ । पवित्र आत्माले सिकाउनु भएर उनीहरुलाई विश्वास दिनुहुन्छ भने विश्वास गर्नुहोस् । उनीहरु ठूलो हुदैं जादाँ मुक्तिको सन्देश बुझ्दै जान सक्छन् ।

पाठ २ : बिऊ रोप्नु: वृद्धिका वर्षहरु

३ देखि ५ वर्षका बालकहरुलाई प्रीस्कूलर भन्न सकिन्छ ।

१. मानसिक विकास

क ) उदाहरणहरुबाट सिकाइनु पर्छ

दिनुबारे सिकाउँदा विधवाको भेटीको कथाले मात्र पुग्दैन तर उनीहरुलाई दिनेबारे व्यवहारिक उपायहरु पनि देखाइदिनु पर्छ ।

ख ) प्रीस्कूलरहरु अझ पनि राम्ररी सोच्ने हुन्छन् ।

तपाईले भनेका कुराहरुलाई उनीहरुले अक्षरस लिन्छन् । यसकारण कुन शब्द चलाएर बोल्नुहुन्छ होशियार !

ग ) काम गर्नुअघि नानीहरुले बुझेका छन् कि छैनन् भनेर निश्चित हुनुहोस् । प्रत्येक कक्षामा गीत र कथा दोहोऱ्याइनु पर्दछ , कतिपय शब्दहरुलाई समय लाएर व्याख्या गरिदिनु पर्छ ।

घ ) प्रीस्कूलरको ध्यानाकषर्ण अवधि सीमित हुन्छ ।

२. शारीरिक विकास

क ) यस्ताहरुसँग नाप्नै नसकिने गरी सामर्थ्य हुन्छ । यो सामार्थ्य बृद्धिको निम्ति हो । यिनहिरुलाई वरिपरि कुदिहिंड्ने समय दिनुहोस् ।

१ ) घुमफिर गराउँदै गीत , खेलकूद र कथाहरु सिकाउँनूहोस् ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

२ ) बोल्दै गरिएको बेला पर्ने खाँचोलाई राख्नुहोस् ।

ख ) यस्ता बालकहरुले ठूला मांसपेशीहरुलाई बढी नियन्त्रण गर्नु पर्दछ । काट्ने, टाँस्ने, रगंभर्ने काममा अब कमी आउनुपर्छ ।

३. सामाजिक विकास

क ) प्रीस्कूलरले अरुलाई कसरी सहयोग गर्ने भनी सिक्दै गरेका हुन्छन्

उनीहरु स्वकेन्द्रित भए पनि अरुहरुलाई सहयोग गर्न रुची राख्छन् । प्रीस्कूलरलाई बाँडचुड गर्न, पालो दिन , उपहार दिन मौका दिनुहोस् ।

ख ) प्रीस्कूलर तपाईको ध्यान र अनुमोदन चाहन्छन्

तपाईको कक्षामा भएको हरेक नानीलाई प्रेम र ध्यान पुऱ्याउने प्रयास गर्नुहोस् । उनीहरुले आफूलाई महत्वपुर्ण ठान्ने अवसर अक्सर बनाइदिनुहोस् । ( जब अवसर आउँछ , विशेष उपहार दिएर, ध्यान पुऱ्याएर, उनीहरुसँग बोलेर, मुस्कुराएर अनि नाउँ काढेर )

४. आत्मिकी विकास

यस उमेरमा नानीहरुले “पाप स्वभाव”को धारणालाई बुझ्दैनन् । उनीहरुले पाएको सजायबाट ठीक र बेठीक छुट्याउँछन् । कसैले उनीहरुलाई कुन ठीक हो र कुन बेठीक हो भनेर बुझइदिनु पर्दछ । यस्ताहरुलाई जे मन पऱ्यो त्यही गर्छन् । त्यो गर्नुको पछाडि रहेका् अभिप्रायलाई बुझ्न सक्दैन् ।

यी कुराहरुलाई ध्यान राखेर उनीहरुलाई अनुशासित गर्नुहोस् । जब जेशनले प्रसन्नको खेलौना खोस्छ, उसले प्रसन्नलाई रुवाउनु खोजेको होइन , उसले ता खेलौना मात्र चाहेको हो ।

क ) यस्ता अवसरहरुमा बाँडचुड गर्नेबारेमा सिकाउनुहोस् ।

ख ) बाँडचुडबारे बाइबलीय उदाहरुण दिनुहोस् ।

ग ) नानीहरुमा उदाहरणलाई प्रयोग गर्नुहोस् ।

प्रीस्कूलरले बुझ्नसक्ने धारणा र सिद्धान्तहरु

क ) परमेश्वरको सृष्टि

नानीहरुले देख्न सक्ने, महशुस गर्नसक्ने अनि सुँघन सक्ने कुराहरुबाट नानीहरुलाई परमेश्वर बारे सिकाउनुहोस् । सृष्टिको कथा परमेश्वरको शक्ति र महिमा देखाउन सकिने उदेकको उपाय हो ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

ख ) येशू खीष्ट

यहाँ पनि दुईवटा परमेश्वरहरु रहेछन् भने जस्तै येशू खीष्ट र परमेशवरबारे शब्दहरु प्रयोग गर्दा हाशियार बन्नुहोस् । प्रीस्कूलरले येशू खीष्टबारे यसरी बुभ्न सक्छन् :

१ ) येशू परमेश्वरको पुत्र हुनुहुन्छ

२ ) येशू एक विशेष बालक हुनुहुन्थ्यो

३ ) येशू पापबाट यो संसारलाई बचाउन आउनुभयो

४ ) येशूले तिनीहरुलाई प्रेम गर्नभयो

ग ) पाप

तपाईले प्रीस्कूलरलाई पापको ज्ञानमा ल्याउन सक्नुहुन्छ । उनीहरुले गरेको काम पछाडी हुने अभिप्रायबारे बुभ्न नसके पनि बाइबलबाट उदाहरण दिएर उनीहरुलाई यसबारे बुझाउन सकिन्छ । उनीहरुले कक्षामा गरेका मूल कामबारे बुझाउने मौका लिनुहोस् । येशूले उनीहरुलाई पापबाट स्वतन्त्रता दिनुहुन्छ भनेर तपाईले उनीहरुलाई सिकाउन सक्नुहुन्छ ।

पापबारे बुझाउने कथाहरु :

१ ) उडाउ पुत्र (लोभ, अनाज्ञाकारीता )

२ ) धादम र हवा ( अनाज्ञाकारीता, झूठ )

३ ) कयिन र हाबिल ( रीस, हत्या )

४ ) योना ( अनाज्ञाकारीता, रीस , स्वार्थ )

घ ) बाइबल

प्रीस्कूलरले बाइबल परमेश्वरको वचन हने भनेर बुभ्न सक्छन् । हामीले के गर्नुपर्छ भनी बाइबलले भन्छ तिनीहरुले जान्दछन् । हाम्रो दैनिक जीवनमा बाइबल अति उपयोगी छ भनेर देखाउनु अति खाँचो छ । जब कुनै बालक तपाईकहाँ कुनै समस्या लिएर, त्यसबेला उसलाई यसो भर्ना सम्झाउनुहोस् “तिमीलाई थाहा छ बाइबले भन्छ ..........।” यही उमेरमा उनीहरुलाई धर्मशास्त्रप्रतिको प्रेम र आदर सिकाउनु पर्छ ।

१ ) सरल र सजिलै कण्ठ गर्न सकिने शब्दहरु सहितको बाइबल पदहरु चलाउनुहोस् ।

२ ) पदहरु दोहोऱ्याउनुहोस् ।

३ ) सरल पद कण्ठ गर्न उत्साहित गर्नुहोस् ।

ङ ) प्रार्थना

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

प्रीस्कूलरले बुझ्छन् कि प्रार्थना चाहीं परमेश्वरसित बातचीत गर्नु हो । उनीहरुको प्रार्थना अति सरल हुन्छ । "मेरो पपी नटी नभएको होस् " भन्ने जस्तो प्रार्थना पनि उनीहरुले गर्लान् । कति प्र ार्थना स्वार्थी होलान् नानीहरुले अरुको वास्ता नगरेर होइन, तर उनीहरु आफ्नै खाँचोप्रति अति केन्द्रित भएर ।

१ ) नानीहरुले प्रार्थना खोज्दा धीरजी बन्नुहोस् ।

२ ) उनीहरुको प्रार्थना गर्ने इच्छालाई बाधा नपुर्‍याउनुहोस् ।

३ ) उनीहरुको खाँचोलाई बुझिदिनुहोस् ।

४ ) तपाईको कक्षामा प्रार्थनालाई प्रोत्साहित गर्नुहोस् ।

च ) मुक्ति

बालक अझसम्म मानसिक वा आत्मिकी तौरले बुझ्नै नसकेको अवश्थामा भए जबर्जस्ती गर्ने प्रयास नगर्नुहोस् । यी वर्षहरु ता सिक्ने र बढ्ने वर्षहरु हुन् । ईसाई नानीहरुले यो धारणालाई अरुहरुले छिटो बुझ्न सक्लान् । यी वर्षहरुमा त जग बसाउने काम नै मुख्य छ । जब तिनीहरुले परमेश्वरको प्रेमबारे अनि खीष्टले उनीहरुको निम्ति मूल्य तिरिदिनु भएको बारेमा बुझ्दछन् , तिनीहरुले मुक्तिलाई ग्रहण गर्नेछन् ।

पाठ ३ : फसल कटनी : परिवर्तनको वर्षहरु

६ देखि ९ वर्षसम्मका नानीहरुलार्ई प्राइमरी नानी भनिन्छ ।

परिचय

प्राइमरी नानीहरुको लागि यी वर्षहरु" परिवर्तनका वर्षहरु" हुन् । प्राइमेरीहरु शारीरिक, मानसिक, सामाजिक, अनि आत्मिकी प्रकारले बढ्न र विकास हुन थालेका छन् । उनीहरुको जीवनमा पहिलो पटत, उनीहरुको स ंसार एउटा "स्थान "भन्दा भिन्दै विशेष अर्थले भरिएको हुनथाल्छ । शिक्षकको हैसियतमा, तपाईले यो विशेष परिवर्तनको फाइदा उठाउन सक्नुहुन्छ । प्राइमरीहरु जान्न र बुझ्न चाहन्छन् । पहिलेका वर्षहरुमा हालिएको जगलाई बलियो पार्ने राम्रो समय यही हो ।

१. मानसिक विकास

६-९ वर्षका नानीहरुको शिक्षकले विकासको एउटा ठूलो फड्कोको सामना गर्नु पर्दछ । ३ वर्षको यस फड्कोमा बालकले प्रशस्तै परिवर्तन र वृद्ध गर्नसकेको हुन्छ । पहिलो ग्रेडको मानसिक विकास तेस्र ो स्तरको जस्तै हुदैंन ।

क ) पहिलो ग्रेड

यो अवस्था नानीहरु मानसिकरुपमा अति सक्रिय हुन्छन् । उनीहरुमा सिक्ने , जान्ने र बझ्ने बढी इच्छा हुन्छ । उनीहरुको प्रश्नसित हामी धीरजी बन्नुपर्छ । याद गर्नुहोस् यिनीहरुको निम्ति गरेर देखाउनु अति महत्वपूर्ण हुन्छ । त्यस्ता कार्यक्रमहरु गर्नहोस् जसमा उनीहरु

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

ले सक्रिय भाग लिन पाउँछन् , पाठलाई प्रयोगमा ल्याउने उपाय पाउँछन् , अनि नानीहरु सक्रिय रहन्छन् ।

ख ) दोस्रो ग्रेड

यिनीहरु पनि पाठमा विशेष रुपमा सहभागी हुन चाहन्छन् । प्राइमेरीहरुले चाहिं अझ पक्का सोच्छन् । तपाईले जे सिकाइरहनु भएको छ, त्यसमा प्रत्यक्ष हुन सिक्नुहोस् । उनीहरुले बुझ्न र उत्तर दिनसक्ने प्रश्न सोध्नुहोस् । यी नानीहरुले आफूले सिकेका पाठलाई प्रयोगमा ल्याउन चाहन्छन् । यसकारण पाठ बढी प्रयोगशील बनाइनु पर्छ । उनीहरुले सिकिरहेका पाठबारे उनीहरुलाई कस्तो लागिरहेछ, त्यो बाँडचुड गर्ने मौका दिनुहोस् । उनीहरुको निम्ति गर्न सकिने सबैभन्दा मुख्य कुरा उनीहरुलाई सुनिदिनु हो । उनीहरुलाई बुझ्न चाहन्छन् तर उनीहरुले बुझिदिएको पनि चाहन्छन् । सकेसम्म बढी सिक्नु, नयाँ कुराहरुबारे प्रयास गर्नु अनि “किन ”भनेर उत्तर पाउनु नै दोस्रो ग्रेडहरुको विशेषता हो ।

ग ) तेस्रो ग्रेड

यिनीहरुलाई सिकाइने तरिका विभिन्न हुनुपर्छ । उनीहरु सधैं एकनासे मन पराउँदैनन् । उनीहरुले स्कूलमा धेरै कुरा सिक्छन् अनि तिनीहरुले सिकेको ज्ञान बाँड्न चाहन्छन् । उनीहरुले अझ धेरै सिक्न सकेकोमा उनीहरु शायद बढी खुसी हुन्छन् । उनीहरुले वनस्पति, सौर मण्डल , पानी र चराहरुबारे जान्न चाहन्छन् । तपाईले पाठहरु तयार पार्दा यी कुराहरु मनमा राख्नुपर्छ ।

१ ) उनीहरुले तपाईलाई पढ्छन् -पढ्न दिनुहोस् ।

२ ) उनीहरुलाई एकदमै सक्रिय राख्नुहोस् ।

३ ) अरुहरुको खाँचो पूरा गरेर देखाइदिनुहोस् ।

४ ) तिनीहरुलाई मिसनबारे सिकाउनुहोस् ।

२. शारीरिक विकास

क ) पहिलो ग्रेड

१ ) यिनीहरु शरीरमा पनि सानै हुन्छन् । तापनि यिनीहरुलाई सिकाउँदा , यिनीहरुको खाँचोलाई कदापि बेवास्ता गरिनु हुँदैन ।

२ ) यिनहिरु अघि बढ्न चाहन्छन् । सम्पूर्ण बाल कक्षाभरि यिनीहरु चुपचाप र धैर्यसँग बस्छन् भन्ने नठान्नुहोस् । काल्पनिक कथाहरु भनेर विभिन्न कुरोमा सहभागी तुल्याएर, प्रश्नहरु सोधेर, उनीहरुको शारीरिक खाँचो पूरा गरेर उनीहरुको ध्यान खिंचिराख्नुहोस् ।

ख ) दोस्रो ग्रेड

यस्ता नानीहरुले अघिभन्दा बढी आफ्ना मांसपेशीहरु प्रयोग गर्न थालेका हुन्छन् । उनीहरु काट्न, टाँस्न, नक्सा बनाउन र रङ्गाउन रुची लिन्छन् । तरै पनि उनीहरु लामो समयसम्म यसो गर्न मन पर

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

ाउँछन् भनेर नसोच्नुहोस् । तर उनीहरु अझ पनि सक्रिय नै हुन्छन । उनीहरुलाई यसरी सक्रिय बनाउन सक्नुहुन्छ :

१ ) बाइबलको कथामा अभियान गराएर

२ ) पाठमा आधारित प्रश्नहरु गरेर

३ ) पाठको भागबाट अभिनय गराएर वा पढ्न लाएर

४ ) दैनिक जीवनमा पाठबाट प्रयोग गराएर

ग ) तेस्रो ग्रेड

यिनीहरुले नियम के हो भनेर बुझ्न थाल्छन् । खेलकूदको नियमदेख उनीहरु ्बाहिर जाने काम गर्दैनन ् । उनीहरुको मांसपेशीमाथि नियन्त्रण भएको र वरिपरि चलपल गर्ने कार्यक्रमहरुगर्न उनीहरु मन पर ाउँछन् । उनीहरुको निमित यसप्रकारको कार्यक्रम बनाउने प्रयास गर्नुहोस् : सामानहरु विभिन्न ठाउँमा राख्ने , बाइबलका कथाहरुबाट अभिनय गर्ने, चक बोर्डमा लेख्ने, अनि बाइबल पढ्ने ।

३. सामाजिक विकास

१ ) स्कुलमा नानीहरु जब अरुहरुसँग खेल्न थाल्छन्, उसले महशुस गर्दछ कि उ मात्र होइन रहेछ । तब झुण्डमा सामेल हुने इच्छा पलाउन थाल्छ । यसोगर्दा कहिले काहीं नानीहरुमा समस्या पनि हुनसक्दछ । साथी बनाउन नजान्दा नै प्रायः गरी समस्या आउन सक्छ । उनीहरु खेल्दा नचाहेरै अको र्लाई चोट पुऱ्याउन सक्छन् । यस्तोबेला माया गरेर अनुशासित गर्नुहोस् । जे भएको छ, त्यो गर्नुहोस् । नानीहरुलाई सोध्नुहोस् :

क ) कुनै काम गर्न चाहन्छौ ?

ख ) अर्कोकोठामा खेल्न चाहन्छौ ?

ग ) अर्को खेल्ने कुरा मन पर्छ ?

घ ) अर्को सिटमा बस्ने ? छक्क लाग्दो, यी झगडा गर्नेहरु बढीजसो सँगै बस्न रुचाउँछन् ।

२) कति नानीहरुले तपाईको ध्यान खिच्न लगातार चकचक गरिरहेका हुन्छन । याद गर्नोस, यीनीहरु अझ पनि मानसिक रुपमा परिवर्त भइरहेका छन्, जसले उनीहरुलाई सामाजिक तौरमा प्रभाव पार्दछ ।

उनीहरुलाई प्रेम गर्ने समय यही हो ।

नानीहरुलाई प्रेममय साथ तर अलि कडासँगै भन्नुभयो भने उनीहरु आज्ञा पालन गर्न तयार रहन्छन ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

तपाईले उनीहरुलाई स्वीकार गर्नुभएको रहस्य चालपाएपछि , उनीहरु फेरी ध्यान खिच्ने क्रियाकलापतिर लाग्दैनन् ।

३) प्राइमेरीहरुले विद्यालयमा सिक्छन्- स्वार्थी व्यहोरा भएकाहरुलाई ग्रहन गरीदैन । यो तपाईको कक्षामा बाडँचुड गर्ने प्रोत्साहन गर्नुहोस । दयाको नमुनाद्धारा दयाबारे सिकाउनुहोस्, मिसन र दिने बारेमा सिकाउनुहोस् अनि असल व्यावहार गरेवापत इनाम दिनहोस् ।

४. आत्मिकी विकास

सण्डे स्कूल - बाल संगति ) को लक्ष्य परिपक्व आत्मिकी जीवन उत्पन्न गर्नु हो । नानीमा हुने अरु सबै विकास अस्थायी हुन्छन्, तर आत्मिकी विकासले चाहीं यो जीवन र आउँदो जीवनमा पनि प्रभाव पार्दछ । यि वर्षहरुमा धेरै जनाले प्रभु येशूलाई उनीहरुको व्यक्तिगत मुक्तिदातामे रुपमा ग्रहण गर्दछन् । किनकि प्राइमेरीहरुले यो बुझ्न सक्छन् ।

१ ) उनीहरुप्रति परमश्वरको प्रेम

२ ) पाप स्वभाव

३ ) उनीहरुको निम्ति ख्रीष्टले मूल्य चुकाउने भएको

४ ) परमेश्वरप्रति तिनीहरुको जिम्मेवारी

किन यी थोकहरु यस्ता देखिन्छन् भनेर प्राइमेरीकाहरु छक्क पर्दछन् । परमेश्वरले गर्नुभएका आश्चर्यमय सृष्टिसँग उनीहरु दङ्ग पर्न थाल्दछन् । अब ता, उनीहरुले आत्मिकी प्रश्नहरु पनि गर्न शुरु गर्नेछन् । तपाईले जुन प्रकारले सोध्नुहुन्छ , त्यसले उनीहरुमा अनन्तको भिन्नता ल्याउन सक्छ ।

५. प्राइमेरीहरुले बुझ्नसक्ने धारणा/सिद्धान्तहरु

क ) मण्डली

प्राइमेरीहरुले मण्डलीलाई उनीहरुको बाल संगतिभन्दा ठूलो हो भनेर बुझ्न थाल्दछन् । मण्डलीमा उनीहरुले सिकेका पाठको महत्व उनीहरुले महशुस गर्न थाल्दछन् । विभिन्न कथाहरुद्धारा हामीले उनीहरुलाई मण्डलीबारे बुझाउन सक्छौं । निम्नि कथाहरुद्धारा उनीहरुले मण्डली बुझ्ने मौका पाउनेछन् :

१ ) फिलिप र नपुङ्सक इथियोपियाबासी ( प्रेरित ८)

२ ) पक्षघाती रोगी निको भएको ( प्रेरित ९)

३ ) पत्रुस र कर्णेलियस ( प्रेरित १०)

४ ) बर्णाबास र शाउल( प्रेरित १३ )

५ ) पावलको यात्रा (प्रेरित १५,१७,१८,१९,२८ )

ख ) प्रार्थना

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

१ ) धेरैजना विद्यार्थीहरुले यस प्राइमेरी स्तरमा आइञ्जेलसम्ममा धेरै वर्ष प्रार्थना गर्दै आइरहेका होलान् । तर अब उनीहरुले प्रार्थना चाहीं कसरी उनीहरुको जीवन सुहाउँदो हुनसक्छ, सो देख्नेछन् । प्राइमेरीको निम्ति प्रार्थना चाहीं -

अ ) उनीहरु परमेश्वरसँग बात गर्न सक्छन् भनेर जान्नु हो ।

आ ) सम्पूर्ण समय नै परमेश्वरले उनीहरुको प्रार्थना सुन्नुहुन्छ भनेर जान्नु हो ।

इ ) परमेश्वर सधैं नजीकमा हुनुहुन्छ भनेर जान्नु हो ।

२ ) तिनीहरुको कामले कसरी तिनीहरु स्वयं र अरुहरुलाई असर पार्छ भनेर उनीहरुले बुझ्न सक्छन् । उनीहरु ले पाप र क्षमादानको धारणा बुझ्न थाल्दछन् । यसैले उनीहरुलाई खीष्टमा विश्वास गर्ने कदम चाल्न प्र ोत्साहन गर्दछ । परमेश्वरले धेरै उनीहरुको प्रार्थना सुन्नुहुन्छ र क्षमा दिनुहुन्छ भनेर निश्चित पार्नुहोस् ।

३ ) प्रार्थना के हो भनेर जब उनीहरुले राम्ररी बुझ्दछन् , तब उनीहरुले दिनहुँ प्रार्थना गर्न मन पराउँछन् ।

बाइबलमा भएका धेरै कथाहरुले प्रार्थनाको नमूना दिएका छन् :

क ) सिहंको खोरमा (दानियल ६)

ख ) अय्यूब

ग ) गेतसमनीको बगैंचामा येशू ( मत्ती २६ )

घ ) पहाडको उपदेश (मत्ती ५ )

ङ )  अन्तिम भोज (मत्ती २६ )

च ) क्रूसमा येशू (लूका २३ )

ग ) बाइबल

१ ) बाइबल विभिन्न दन्त्यकथाले भरिएका पुस्तक होइन तर यो त प्रत्येक ईसाई कसरी जिउनु भनेर जान्नको लागि चाहिएको आवश्यक पुस्तक हो । अब प्राइमेरीहरुलाई चाहीं बाइबल सम्बन्धी निम्न कुर ाहरु सिकाउनु राम्रो हुन्छ :

क ) हरेक दिन बाइबल पढ्नु

ख ) पदहरु कण्ठ पार्नु

ग ) कक्षामा पढेर सुनाउनु

घ ) साताभरीमा बाइबलबाट कुनै पदयांश पढेर त्यसको निचोड बाल संगतिमा भन्नु

२ )     नभुलिने शब्दहरु हटाइरहनु पर्दैन तर तिनलाई बुझिने कथाहरुबाट स्पष्ट पारिनु वर्दछ । जस्तै :

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

क ) दया=असल सामरी (लूका १० )

ख ) आज्ञाकारी = अब्राहम र इसहाक (उत्पत्ति २२ )

ग ) साहस = लाल समुद्र पार तरेका ( प्रस्थान १३

घ ) आज्ञाकरी = मोशा (पैस्थान ३-४ )

ङ ) विश्वास = अय्यूब )

घ ) परमेश्वर

१ )प्राइमेरीहरु देखिने माध्यमबाट बुझ्नेहरु भए तापनि, उनीहरुभित्र परमेश्वर बास गर्नुहुन्छ भन्ने कुरा उनीहरु ले बुझ्न थालेका हुन्छन् । परमेश्वरले केही गर्दै हुनुहुन्छ भन्ने देखाउन बाइबल कथाहरु प्रयोग गर्नुहोस् । उदाहरणको लागि :

क ) "परमेश्वर शक्तिशाली हुनुहुन्छ " भनेर बुझाउन उहाँले कसरी केही नभएकोबाट संसार सृष्टि गर्नुभयो , त्यो बताइदिनुहोस् ।

ख ) " परमेश्वरले आफ्ना मानिसहरुको आवश्यकता पूरा गर्नुहुन्छ" भन्ने बुझाउन कसरी उहाँले उजाड वनमा आफ्ना जनहरुलाई खानेकुरा जुटाइदिनु भयो त्यो बताइदिनुहोस् ।

ग ) "परमेश्वरले नानीहरुलाई प्रेम गर्नुहुन्छ " भन्ने बुझाउन कसरी खीष्ट उनीहरुको निमित मर्नुभयो भी बताइदिनुहोस् ।

२ ) परमेश्वरको सन्देश बुझाउन बाइबलकै कथामा भर पर्नुहोस् । जति बढी उनीहरुले बाइबलका कथाहरु

सुन्छन्, अति बढी उहाँ को हुनुहुन्छ भन उनीहरुले बुझ्नेछन् । र नानीहरुले जति बढी परमेश्वरलाई प्रेम गर्नेछन् , उति बढी उहाँको सेवा गर्न रुचाउनेछन् । अन्तिम लक्ष्य पनि यही हो ।

ङ ) येशू खीष्ट

१ ) यो उमेरहरुले येशू खीष्टबारे बुझ्नु हो भने उनीहरुलाई कथाद्धारा खास कुरा बुझाउने काम गर्नु पर्दछ । बाइबलभरि नै येशू खीष्टको प्रेम र दया देखाउने प्रकारका कथाहरु छन् :

क ) कुवामा भएकी स्त्री (यूहन्ना ४ )

ख ) अधिकारीको छोरो निको भएका ( यूहन्ना ४ )

ग ) सुकेको हात निको पारिएको (मत्ती १२ )

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

घ ) येशू अनि नानीहरु ( मत्ती १९, मर्कूस १० )

२ ) सबै कथाहरु नानीहरुले बुझ्नेगरी भन्ननबिर्सनुहोस् । उनीहरुले आफ्नो जीवनमा यी कथाबाट सिकेका शिक्षाहरु कसरी लागू गर्न सक्छन् , बुझाइदिनुहोस् ।

३ ) उनीहरुको हृदय पवित्र आत्माको अगुवाइमा उहाँको निम्ति खुला हुन्छ । तपाई मन परेजति उनीहरुलाई येशूबारे सिकाउनुहोस् । उहाँ को हुनुहुन्छ अनि उहाँले हाम्रो निम्ति के गरिदिनु भयो ।

च ) मुक्ति

१ ) पाप के हो र यसले के गर्छ भनी प्राइमेरीहरुले बुझ्न सक्छन् । वर्तमान समयका पापहरु र बाइबलका समयका पापहरुबारे बुझाउन नडराउनुहोस् । प्राइमेरी स्तरका नानीहरुमा मुक्तिबारे क्षमता हुन्छ । यस अवस्थामा नानीहरुलाई प्रभुमा जित्नको निमित उनीहरुलाई मुक्तिको सन्देशहरु भन्नुपर्छ -मानिसको पतनदेखि शुरु गरेर , अनि बाइबलका कथाहरु र बुझ्ने उदाहरुणहरु प्रयोग गरेर । यी नानीहरुले बुझ्नसक्ने धारणाहरु मध्ये केही यसप्रकारका छन् :

क ) येशू परमेश्वरको पुत्र हुनुहुन्छ ।

ख ) येशू हामीलाई बचाउन मर्नुभयो ।

ग ) येशूको रगतले हाम्रा पापहरुबाट हामीलाई शुद्ध पार्दछ ।

घ ) येशूले हामीलाई पापबाट स्वतन्त्र पार्नुहुन्छ ।

२ ) नानीहरुलाई प्रभु येशूलाई ग्रहण गर्ने काममा कर गर्नुहुन्न ।यदि उसले अरुको दबाउमा आएर ग्रहण गरेका छ भने आफ्नो निर्णयप्रति अनिश्चित भएर उसले प्राइमेरी कक्षा नै त्याग्न सक्छ । यसरी जन्माएको शंकाले मण्डली र यसको सिद्धान्तबाट नै उसको भरोसा उड्न सक्छ । अति उत्सुक शिक्षकले काहीं भलाइ भन्दा बढी बुराइ गरिएको हुनसक्छ । अवश्य, तपाईसंग महत्वपूर्ण सन्देश छ, अनि नानीहरुले प्रभुमा आफ्नो जीवन सुमपिउन् भन्ने तपाई चाहनु हुन्छ । तर होशियार हुनुहोस्, तपाईको उत्सुकताले पवित्र आत्माको ठाउँ नओगटेको होसे् । प्रभुले यस क्षेत्रमा तपाईको ज्ञान-बुद्धि देऊन् भनेर प्रार्थना गर्नुहोस् । नानीहरुलाई प्रेम देखाउनुहोस् । पवित्र आत्माले नै उनीहरुलाई प्रभुमा डोऱ्याउनु हुन्छ भनेर विश्वास गर्नुहोस् ।

पाठ ४ : खेतालाहरुको तालिम : साहसिलो जीवन

नौ देखि एघार वर्षसम्मका नानीहरुलाई जुनिएर भनिन्छ ।

परिचय

नानीहरुलाई सिकाउँदा मुक्ति नै हाम्रो लक्ष्य हुनुपर्छ । जब एक बालकले खीष्टलाई ग्रहण गर्दछ , उसले कसरी ईसाई जिउनु त्यो उसले राम्ररी सिकोस् भन्ने हामी चाहन्छौं । उसलाई हामी मण्डलीको एक सक्रिय र बढ्दो

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

सदस्यको रुपमा देख्न मन पराउँछौं । तर योभन्दा अझ बढी , उसले अरुलाई खीष्टमा डोऱ्याएको हामी देख्न चाहन्छौं । हामी “चेला बनाउन” चाहन्छौं ।

१. मानसिक विकास

क ) सिकाउनको निम्ति जुनियरहरु अति चुनौतिपूर्ण हुन्छन् । जुनियरहरुले एक प्रकारको जीवन पत्ता लाएका हुन्छन् अनि उनीहरुले त्यसलाई मन पराउँछ् । यिनीहरुलाई अर्को पाठको निम्ति घचेट्नु पने ‍ आवशयकता नै पर्दैन । जुनियरहरु

१ ) आफैं उत्साहित हुने सालका हुन्छन् ।

२ ) निर्देशिनलाई पर्खीरहन सक्दैनन् ।

३ ) प्राय : गरी पढ्नसक्ने क्षमता राख्छन् ।

४ ) चुनौति मन पराउँछन् ।

५ ) छलफल रुचाउँछन् ।

ख ) उनीहरुले अमूर्त धारणाहरुबारे पनि बुझ्न सक्छन् । यतिबेला उनीहरुलाई यात्रा विवरणमा लान सकिन्छ । उनीहरुले बाइबलको भूमि र मानिसहरुको बारेमा जान्न रुचाउनेछन् ।

ग ) यो उमेरका नानीहरु शक्तिले भरिएका हुन्छन् । तपाईका पाठहरुलाई विभिन्न रुप दिनुहोस् । यताउति चल्नलाई अनुमति दिनुहोस् ।

घ ) यो उमेरमा सम्झना गर्ने क्षमता बढी हुन्छ । पदहरु कण्ठ गर्न लाउने समय यही हो । हरेक साता तपाईको पाठमा यसलाई समावेश गर्नुहोस् । तिनीहरुले अहिले कुराहरु नै तिनीहरुको जीन्दगीभर रहिरहन्छ।

ङ ) समय समयमा तिनीहरु शान्त र अड्भंगे पनि हुन्छन् । यसबेलामा खाँचोहरुप्रति सचेत बन्नुहोस् अनि कुनै प्रकारको आलोचनाबाट बचाउने प्रयत्न गर्नुहोस् । यी नानीहरुलाई प्रेम, प्रशंसा र प्रोत्साहन चाहिन्छ । यसबेला यिनीहरु उचित व्यवहार रुचाउँछन् । तपाईले आफ्ना नानीहरुसँग व्यवहार गर्दा उचित व्यवहार गर्न नभुल्नुहोला ।

च ) यो उमेरका नानीहरु कुन गलत र ठीक हो भन्नेमा सचेत हुन्छन् । यसको अर्थ यो होइन कि उनीहरुले सधैं असल मात्र गर्छन् । उनीहरु जे जति छन् त्योभन्दा बढी परिपकवताको आशा नगर्नुहोस् । गलत कुराहरुलाई आखाँ चिम्लेर त्यत्तिकै नटारिदिनुहोस् । तर उनीहरुमा निम्न कुराहरुले प्रमुख भूमिका

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

खेल्दछन् : परिवर्तन , असुरक्षा, वास्ताको खाँचो, समभ्फको खाँचो ।

२. शारीरिक विकास

क ) सहभागिता मुख्य शब्द हो

यी नानीहरुमा यति सामर्थ्य हुन्छ कि उनीहरु कसैलाई पनि सघाउन तयार बन्छन् । यदि तपाईले आफ्नो पाठमा यो कुरा समावेश गर्नुभएको छैन भने, उनीहरुले अरु उपायद्धारा आफू प्रयोग हून चाहन्छन् ।

ख ) यो उमेरको भ्फुण्डमा शारीरिक विकासमा निकै भिन्नता देखिन्छ । केटीहरु नै बढ्छन र परिपक्व हुन्छन् तर प्रायः जसो केटाहरु चाहिं उही उँचाइ र तौलमा रहिरहन्छन् । केटिहरुले चाहिं उनीहरु जति अग्लो हुनुपर्ने हो त्यसको ९० प्रतिशत अनि तौलको चाहिं ५० प्रतिशत यही उमेरमा हासिल गर्दछने । यी परिवर्तनहरुले असजिलो पनि ल्याउँछन् । यिनीहरुका खाँचोप्रति सचेत बन्नुहोस् ।

३. सामाजिक विकास

यो उमेरका नानीहरुले धेरै साथीहरु बनाउँछन् । भ्फुण्डमा काम गर्नु परेको कारण उनीहरुले नयाँ

साथीहरु बनाउनु पर्ने हुन्छ । हरेक व्यक्ति सामेल हुने अवसर सिर्जना गर्नुहोस् ।

४. आत्मिकी विकास

क ) जुनियरहरुको निम्ति प्रभु साँचो ठहरिँदै जानु हुनेछ । अमूर्त कूराहरु बुभ्फ्ने क्षमताको कारण उनीहरु वास्तविक ठाउँ र कुराहरुलाई येशूसित सम्बन्धित तुल्याउन सक्ने हुन्छन् ।

ख ) जुनियरहरुले खतरा पनि मन पराउँछन् । यसले गर्दा उनीहरुलाई बाइबलका कुराहरु मन पर्न थाल्छन् । उनीहरुलाई सच्चा मिसेनरी जीवन साह्रै मन पर्दछ । उनीहरुको यसै अभिरुचीलाई प्रयोग गरी उनीहरुलाई मिसनेरीबारे सिकाउनुहोस् ।

ग ) जुनियरहरुले पाप र यसद्धारा उनीहरुको जीवनमा पर्ने प्रभावबारे बुभ्फ्न सक्छन् । तर उनीहरुले खीष्टलाई ग्रहण गरेर पनि किन पाप गरिरहन्छन् भन्ने बारेमा बुभ्फ्न सक्दैनन् । यसकारण नानीहरुको निमित खीष्टको अपार प्रेमलाई जोड दिइनु खाँचो पर्दछ ।

घ ) तपाईको कक्षामा कतिपय नानीहरु चाहिं उनीहरुको जविनमा परमेश्वरको “इच्छा”बारे सुनेर छक्क पर्न थाल्छन् ।

अरुलाई खष्टिमा ल्याउने जिम्मा उनीहरुको नै हो भनेर बुभ्फ्न थाल्दछन् । तपाईका वरिपरि भएकाहरुलाई

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

तपाईको विश्वारबारे बाँड्नुपर्ने महत्वलाई जोड दिनुहोस् ।

५. जुनियरहरुको निम्ति सुहाउँदिलो धारणा/सिद्धान्तहरु

क ) मण्डली

१ ) जुनियरहरुले मण्डलीलाई विस्तृत रुपमा बुझ्न थाल्छन्  अहिले उनीहरुले बुझेको मण्डली चाहिं समाजमा कहीं आराधना गर्ने ठाउँ हुनु हो । उनीहरुले आफ्ना वरिपरि विभिन्न खाँचोहरु देख्दछन् अनि मण्डलीमार्फत ती पूरा गर्न सकिन्छ भनेर बुझ्दछन्। यिनीहरुले समाजमा सेवा पुऱ्याउने, जस्तै पाकाहरुको सेवा गर्नु अनि विशेष भेटीहरु उठाउनु जस्ता काममा भाग लिनसक्ने भइसकेका हुन्छन् ।

२ ) यो समाजमा उनीहरुको आँखा अरु विश्वासीहरुको खाँचोप्रति खोलिनु पर्छ । तिनीहरु मण्डलीको एक भाग हुन् भन्ने कुरा महशुस गर्न सक्नु पर्दछ । उनीहरु सहभागी हुन र सहायता गर्न तयार बन्छन् । यी नानीहरुलाई मण्डलीका विभिन्न क्रियाकलापहरुसँग परिचित गर्ने उपायहरु पत्ता लाउनुहोस् ।

ख ) प्रार्थना

१ ) प्रार्थना दाहोऱ्याउन लाएर सिकाइन्दैन । यी नानीहरुले व्यक्तिगत प्रार्थना गर्न थाल्नु पर्दछ । तिनीहरुको प्रार्थना हिजो भन्दा आज कम स्वार्थपूर्ण हुनुपर्छ । उनीहरुले आफ्ना वरिपरिको विश्वको खाँचो र कष्ट बुझ्न थाल्नेछन्, अनि त्यसै अनुसार प्रार्थना गर्न थाल्नेछन् ।

उनीहरुको निम्ति विशेष ठहरिएको प्रार्थनाको पनि उनीहरुसँग हुनसक्छ । प्रत्येक विषयलाई बडो सचेततापूर्वक अनि आदरसाथ लिइनु पर्दछ ।

२ ) तपाईको कक्षाको बेला एकभन्दा बढी नानीहरुलाई प्रार्थना गर्न लाउने बेला भइसकेको हुन्छ । परमेश्वरले प्रार्थना सुन्नहुन्छ र उत्तर दिनुहुन्छ भनी तिनीहरु बुझ्दछन् ।

३ ) जब बालकले चाहेकोजस्तो गरी प्रार्थनाको उत्तर उसले पाउँदैन, त्यसबेला पनि परमेश्वर नै सबै कुराको नियन्त्रक हुनुहुन्छ भनी बुझाउनु पर्दछ । नानीहरुको निम्ति परमेश्वरको निम्ति परमेश्वरले अनन्त प्रेम राख्नुभएको छ भनी यसबेला बुझाउन सक्नु नै बुद्धिमानी हो ।

ग ) बाइबल

१ ) नानीहरुलाई दिनहुँ बाइबल पढ्नको निम्ति उत्साहित गर्नुहोस् । कक्षामा बाइबल पढ्नुहोस् अनि कार्यक्रममा प्रयोग गर्नुहोस् । यी नानीहरुले धेरै निर्णय र परीक्षाका कुराहरुसित सामना गर्नुपर्ने हुन्छ । पद कण्ठ गर्दा उनीहरुले सामना गर्नुपर्ने कुराहरुमा उनीहरु लाई सहयोग पुग्दछ ।

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

२ ) परमेश्वरको वचन इसाईहरुको अगुवाइको निम्ति दिइएको हो भनेर जुनिइरहरुले बुझ्न सक्छन् । कसरी दैनिक जीवनको प्रश्नहरुको उत्तर बाइबलबाट पाइन्छ भन्ने कुरा पनि पाठ मार्फत सिकाउने प्रयास गर्नुहोस् । जब नानीहरुले कसरी बाइबल उनीहरुको जीवनको निम्ति सहयोगी प्रयास हुन्छ भनेर जान्दछन् , तब उनीहरु परमेश्वरको वचनमा भर पर्न थाल्दछन् । तपाईको बाइबल पाठलाई रुचीपूर्ण बनाउनुहोस् यो झुण्ड अरुभन्दा अलि लामो समयसम्म रहन सक्छन् ता पनि बाइबल अध्ययनलाई झ्याउलो बनाउनु हुदँन ।

घ ) परमेश्वर

१ ) जुनियरहरुले निम्न कुराहरुबुझ्न सक्छन् :

क ) प्रार्थनाको महानता र परमेश्वरको महिमा

ख ) हरेकको निम्ति परमेश्वरको प्रेम

ग ) परमेश्वरको क्षमादान

२ ) यी नानीहरुको निम्ति परमेश्वरको क्षमादान अति वास्तविक हुन्छ किनकि तिनीहरुले अब पापको प्र भावलाई बुझ्न थालेका हुन्छन् । अमूर्त कुराहरुलाई भइसकेका हुनाले परमेश्वरको अनन्त उपस्थिप्तिबारे पनि बुझ्नसक्ने भएका हुन्छने । उनीहरुले “हिजो, आज अनि सधैंभर” भन्ने कुरा पनि बुझ्न सक्छन् । यो दिनहुँ परि वर्तन भइरहने बालकले परमेशवरको उपस्थितिमा आनन्द थाहा गर्न थाल्छ ।

ङ ) येशू खीष्ट

१ ) जुनियरहरु विगतमा रुची राख्छन् ।

उनीहरुले खीष्टको जविन र सेवकाइबारे जान्न चाहन्छन् । उनीहरुले खीष्ट र नयाँ नियम बाइबललाई वास्तविक जीवनसित सामञ्जस्य गर्न खोज्दछन् । उनीहरुले खीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ, साथै मानिसको पुत्र पनि हुनुहुन्छ भनेर बुझ्न सक्छन् । खीष्टलाई सेवक र प्रभु भनेर व्याख्या भन्नु अति मुख्य हुन्छ :

क ) कानाको विवाह (यूहन्ना २ )

ख ) येशूले आँधीलाई शान्त पार्नुहुन्छ ( मत्ती ८ )

ग ) येशले भीडलाई खुवाउनु भयो ( मत्ती १५ )

घ ) येशले चेलाहरुको खुट्टा धुनुभयो ( यूहन्ना १३ )

२ ) चेला बनाउने समय यही हो । यी नानीहरुलाई खीष्ट जस्तो हुनु अति मन पर्छ, यसकारण खीष्ट जस्तो हुनु भनेको के हो, सो उनीहरुलाई बुझाइ दिनुहोस् ।

३ ) जुनियरहरुले खीष्टप्रति उनीहरुले जिम्मेवारी पनि बुझ्दछन् । खीष्टको हाम्रा पापको निम्ति दुःख सहनुभयो भनी उनीहरुले बुझ्न सक्छन् । उनीहरुले यो पनि बुझ्दछन् कि खीष्ट सबैको प्रभु हुनुहुन्छ । उनीहरुले पूर्ण

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

र शुद्ध हृदयद्धारा खीष्टको आराधना गर्न चाहन्छन् । अब उनीहरुलाई आराधना कसरी गर्नेबारे सिकाइनु पर्दछ ।

च ) आत्मिकी

आत्मिकी पाठ कसरी सिकाउनु हुन्छ, होसियार बन्नुहोस् । यो उमेरकाहरु यी विषयहरुमा सचेत हन्छन् । यदि यो विषयलाई राम्ररी व्यवहार गरिएन भने, बालकलाई आत्मिकी हुनु भन्ने कुरासित डर लाग्नेछ । भूतात्मा आदिसँग नानीहरु डराउँछन् । पवित्र आत्मा भन्ने विषयबारे बताउँदा यो विषयलाई राम्ररी व्याखय गरिदिनुहोस् । एक पटक सिकिएको भूललाई सफा पार्न धेरे समय लाग्छ ।

६. मुक्ति

१ ) यो उमेरकाहरुले राम्ररी बुझ्नसक्ने हुनाले यिनीहरुको निम्ति मुक्ति सम्भव छ । तिनीहरुले यो पनि बुझ्न सक्छन् कि खीष्टमा विश्वासद्धारा मात्र हाम्रो पाप शुद्ध हुन सक्नेछ । धैर्यसाथ लगातार सिकाउन सके, यी नानीहरु येशू खीष्टमा विश्वास गरेर नयाँ जीवन पाउन सक्छौं । तरै पनि होशियार हुनुहोस् , नत्रभने अघिनै उसलाई निर्णय गर्ने कुरामा कर लाउने काम गर्नुहोला र चौपट होला । अहिले झूट्टो निर्णय गर्नु राम्रो हो ।तपाईका नानीहरुलाई पवित्र आत्माले नै खीष्टतर्फ डोऱ्याएका होऊन् ।

२ ) यो उमेरकाहरुले निम्न कुराहरु बुझ्न सक्छन् :

क ) पाप

ख ) पापको सजाय

ग ) परमेश्वरको अनुग्रह अनि कृपा

घ ) खीष्टले मुल्य तिर्नुभयो

ङ ) खीष्टले पापबाट स्वन्त्र पार्न सक्नुहुन्छ

च ) खीष्टले पापबाट शुद्ध पार्न सक्नुहुन्छ

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000

@ All Rights reserved BMI, rev 3/89/Nepali version 2000